# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २९३ | काठमाडौं | सोमबार, ०५ फागुन २०८१ | Prabhab National Daily | Monday, February 17, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**फोहोरमैलाको उचित व्यवस्थापन**

- घर वरिपरि तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहोरलाई टस्टबिन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- कुहिने, नकुहिने र पुनः प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

*'फोहोरमैला व्यवस्थापन स्थानीय तहलाई सहयोग गरौं ।'*

नेपाल सरकार
विज्ञापन बोर्ड


# खराब कर्जाले डुब्दै गरेको एनआइसी एसियालाई कामपाको १२ अर्ब मुद्दतीको भर

NIC ASIA
एन आई सी एशिया बैंक लि.

- बैंकको खराब कर्जा र निष्क्रिय कर्जामा उच्च वृद्धि
- खुद ब्याज आम्दानी, सञ्चालन मुनाफा र प्रतिसेयर आम्दानी नकारात्मक
- कर्जा असुली न्यायाधिकरणमा ऋणीविरुद्ध ८३ वटा मुद्दा
- एक समय नम्बर १ बन्ने दौडमा रहेको एनआइसी अहिले सबैखाले सूचकमा पछाडि पर्दै
- एनआइसी एसियासँगको सम्झौता भंग गर्ने तयारीमा कामपा

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** 'बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि' मूल नारा लिएर स्थापना भएको एनआइसी एसिया बैंक पछिल्लो समय न ग्राहकको साथी बन्न सकेको छ न त हाम्रो नै बन्न सकेको छ । आफ्नै मूल नाराको ठीक विपरीत अघि बढिरहेकाले बैंकका ग्राहकहरू साथी भनिएको बैंकबाट त्रसित बन्न पुगेका छन् ।

बैंकबाट कर्जा लिएका ग्राहकहरू आफ्नो सम्पत्ति कुन बेला बैंकले हत्याउने हो भन्नेमा सधैं चिन्तित हुनुपर्ने अवस्था आएको छ । मेडिकल व्यवसायी दुर्गा प्रसाईंले त एनआइसी एसिया बैंकबाट पीडित ग्राहकहरूलाई सार्वजनिकरूपमा प्रतिवाद गर्न आग्रह गरेका थिए ।

नेपाल राष्ट्र बैंकले पछिल्लो समय एनआइसी एसिया खराब कर्जामा चुर्लुम्म डुबेको प्रतिवेदन नै सार्वजनिक गरिसकेको छ । चालु आर्थिक वर्ष २०८१/८२ को छ महिनामा बैंकको खराब कर्जा दर ९५ प्रतिशतभन्दा माथि पुगेको देखिएको छ । बैंकले सार्वजनिक गरेको वित्तीय प्रतिवेदनअनुसार पुस मसान्तसम्म बैंकले तीन खर्ब ८१ अर्ब रूपैयाँ निक्षेप संकलन गर्दै गर्दा दुई खर्ब ९३ अर्ब रूपैयाँ कर्जा प्रवाह गरेको छ । सोमध्ये तीन अर्ब ४८ करोड रूपैयाँ खराब कर्जाका रूपमा देखाएको छ ।

क्रमशः पृष्ठ २ मा


## जोखिममा कामपाको १२ अर्ब मुद्दती रकम

एनआइसी एसिया बैंकले काठमाडौं महानगरपालिकाको दैनिक डेढदेखि दुई करोड रूपैयाँसम्मको कारोबार सम्हाल्दै आइरहेको छ । महानगरपालिकाको ३२ वटै वडा तथा सबै विभागबाट हुने राजस्व संकलन उक्त बैंकले गर्दै आइरहेको हो ।

त्यसैगरी महानगरको १२ अर्ब रूपैयाँ मुद्दती खातामा रहेकाले पनि एनआइसी एसिया महानगरकै मुद्दतीको रकममा रमाइरहेको छ । जति नै खराब कर्जा भए पनि नेपाल राष्ट्र बैंकलाई महानगरको १२ अर्ब रूपैयाँ मुद्दतीको फेहरिस्ता एनआइसीले देखाउने गरेको छ । बैंकले सार्वजनिक गरेको प्रतिवेदनलाई नै आधार मान्ने हो भने पनि अहिले एनआइसी बैंक सञ्चालनको मेरुदण्ड नै महानगरको १२ अर्ब मुद्दती रकम भएको देखिन्छ ।

एनआइसी एसिया बैंकले खराब कर्जा र कर्जा असुली न्यायाधिकरणमा ऋणीविरुद्ध ८३ वटा मुद्दाले महानगरपालिकाको रकमसमेत जोखिममा पर्ने देखिएको जानकारहरूले बताएका छन् । जनताले तिरेको कर धरापमा पर्ने संकेत पाएपछि महानगरपालिका एनआइसी एसिया बैंकसँग गरिएको सम्झौता भंग गर्ने तयारी गरिरहेको महानगरपालिकाको राजस्व विभागका एक अधिकारीले बताए ।

# प्रश्नले घेरिएपछि झोक्किए प्रधानमन्त्री
# प्रतिपक्षीलाई होच्याउँदै प्रतिप्रश्न




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले आइतबार प्रतिनिधिसभामा सांसदहरूको प्रश्नको सामना गरेका छन् । निर्धारित कार्यसूचीअनुसार उनले सदनमा सांसदहरूको प्रश्नको उत्तर दिए पनि सत्तापक्ष र प्रतिपक्षप्रति भने पक्षपातपूर्ण व्यवहार प्रस्तुत गरे ।

सबैभन्दा पहिले नेकपा एकीकृत समाजवादीका सांसद प्रकाश ज्वालाले ओली नेतृत्वको सरकारले गरेका कामहरूको समीक्षासहित प्रश्न गरेका थिए । 'तपाईंले तामझामका साथ सुरु गरेको १६५ रणनीतिक सडक बजेट अभावले अलपत्र छ । पालिका अस्पताल अस्थिपञ्जर जस्ता भएका छन् । यी सम्पन्न गर्ने योजना के छन् ?,' ज्वालाले प्रश्न गरे, 'सिद्धबाबा सुरुङमार्गको ब्रेक थ्रुलाई ठूलो उपलब्धि मानेको छ । नागढुंगा सुरुङमार्ग सञ्चालनको योजना के छ ?'

ज्वाला एक त एमालेबाट फुटेर बनेको पार्टीका सांसद, अर्को सरकारको कामप्रति कडा टिप्पणी । प्रधानमन्त्रीले नेपाली उखान 'मुखभरिको जवाफ दिए' भनेझैं गरी जवाफ दिन सुरु गरे । 'प्रश्नकर्ता माननीय पनि त्यसपछिका सरकारमा भौतिक पूर्वाधारमन्त्री हुनुहुन्थ्यो कि जस्तो लाग्छ । कार्यक्रम रद्द गर्ने अनि कार्यक्रम किन सुरु भएन भन्ने प्रश्न सोध्ने ? प्रगति खोज्ने ? हाम्रो अनौठोको संस्कार छ,' ओलीले ज्वालातिर हेर्दै प्रतिप्रश्न गरे ।

यसरी प्रतिप्रश्न गरेपछि ओलीले सबै सडक र अस्पतालमा धमाधम काम भइरहेको दाबी गरे । 'हामी सरकारमा आएयता अस्पताल र सडक निर्माणलाई प्राथमिकतामा बजेट विनियोजन भइरहेका छन् । अधिकांश सडक यसै वर्ष सकिने छ । सोहीअनुरूप बजेट विनियोजन हुने छ । सिद्धबाबाको मुख्य सडक खन्ने कार्य सम्पन्न भएको छ ।'

ज्वालाले रुकुम र जाजरकोट भूकम्पका कारण पीडित बनेकाहरूले अझै पनि राहत नपाएकोबारेसमेत प्रश्न गरेका थिए । उक्त प्रश्नमा ओलीले ज्वालालाई उल्टै प्रश्न गरे । भने, 'रुकुम र जाजरकोटका सबै भूकम्पपीडितका लागि राहत पठाइसकेको छ । तीन अर्ब ९५ करोड रूपैयाँ रकम निकासा भइसकेको छ । भूकम्प अघिल्लो कात्तिकमा गएको जस्तो छ, ३५ हजार घर भएकोलाई ४८ हजार घरलाई पहिलो किस्ता दिएको रहेछ । जिल्लामै ३५ हजार घर छैन । घर सिमाना नाघेर गयो कि ! सबै दोहोरियो कि ?'

क्रमशः पृष्ठ २ मा

## राष्ट्रियसभालाई वृद्धाश्रम भनेपछि...

राष्ट्रियसभाले राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीको अभिव्यक्तिप्रति खेद प्रस्ताव पारित गरेको छ । राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले प्रस्ताव गरेको उक्त खेद प्रस्ताव आइतबारको राष्ट्रियसभाबाट पारित भएको हो ।

गत माघ २८ मा राष्ट्रियसभाले मिडिया काउन्सिल विधेयक पारित गरेको थियो । सोही विषयमा टिप्पणी गर्दै शाहीले राष्ट्रियसभाका सदस्यहरूले पढ्दै नपढी विधेयक पास गरेको भन्दै माघ २८ गते सामाजिक सञ्जाल फेसबुकमा प्रतिक्रिया गरेका थिए । शाहीको उक्त प्रतिक्रिया कपोलकल्पित भएको उल्लेख गर्दै राष्ट्रियसभाले तथ्यपरक विचार सम्प्रेषण गर्न निर्देशनसमेत दिएको छ । 'निज माननीय सदस्यले कपोकल्पित, झूठ र यथार्थभन्दा बाहिर गई एक सभाको सदस्यले अर्को सभाको कामकारबाही र सभाका माननीय सदस्यहरूको योग्यता, क्षमता र उमेरको...

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# वैदेशिक रोजगारीका विषयमा प्रधानमन्त्री 'असंवेदनशील'
## जवाफ माग्दा उल्टै प्रतिप्रश्न– म म्यानपावर व्यवसायी हुँ ?

**■ ममता थापा**

**काठमाडौं–** 'झण्डै ७० लाखभन्दा बढी नेपाली युवा वैदेशिक रोजगारमा भएको अवस्थामा वार्षिक ४० खर्बभन्दा बढी रेमिटचान्स आउनुपर्नेमा यो वर्ष १३-१४ खर्बमात्रै आउने देखिन्छ । हुण्डीमार्फत खुलेआम कालो धनसँग मिलान भइराख्दा तपाईं किन मौन ?' आम जनता पार्टीका अध्यक्ष प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुधबारको सदनमा सोधेको प्रश्न हो यो ।

बुधबार प्रतिनिधिसभामा सांसदहरूले सोधेको प्रश्नमा प्रधानमन्त्रीले जवाफ दिने कार्यक्रम थियो । सोही क्रममा सांसद साहले प्रधानमन्त्रीसमक्ष प्रश्न राखेका थिए । उनले ओलीलाई जम्मा आठवटा प्रश्न राखेका थिए । सुरुका तीन प्रश्न वैदेशिक रोजगारी र विदेशमा रहेका नेपालीहरूसँग सम्बन्धित थिए । उनले नेपाली नागरिकता परित्याग गरी विदेशी नागरिकता लिनेहरूको संख्या कति छ, उनीहरूको पैतृक सम्पत्ति कुन अवस्थामा छ, अवैध सम्पत्तिहरूलाई राज्यको स्वामित्वमा ल्याउन तपाईंले के-के गर्नु भो, योजना के छ ? भनेर सोधेका थिए ।

त्यस्तै अर्को प्रश्न वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकहरूले ट्रेड युनियनको हक नपाउनेगरी किन श्रम सम्झौता गर्नु भो ? अहिलेको २१औं शताब्दीमा नेपाली मजदुरलाई दासताको जीवनमा धकेल्दा कति लाभ पाउनुभयो ? भन्दै सोधेका थिए ।


**केपी शर्मा ओली**, प्रधानमन्त्री


**प्रभु साह**, सांसद

त्यसपछि उत्तर दिने पालो थियो ओलीको । सधैं तीखा अनि कुटिल जवाफ फर्काउने ओलीले सांसद साहका प्रश्नको उत्तर दिएनन् । उल्टै साहका प्रश्नहरू मनमा रहेका विरोध, आक्रोश आदिले अपमानजनक रहेको भन्ने टिप्पणी गरे । ओलीले फेरि भने, 'संसद्जस्तो गरिमामय ठाउँमा युवालाई विदेश पठाएर तपाईंलाई के लाभ भयो जस्ता भाषा ? के म म्यानपावर कम्पनीको मान्छे हो ? तपाईंले भनेका ७० लाख मानिस म प्रधानमन्त्री भएको आठ महिनामा गएका हुन् ?'

ओलीले यत्ति भन्दा साह पुनः माइक समातेर केही भन्न खोज्दै थिए तर सभामुख देवराज घिमिरेले उनलाई दोहोरो प्रश्न गर्न नपाइने भन्दै आसनग्रहण गर्न भने । 'उहाँको प्रश्नमा उत्तर दिइरहनुपर्ने आवश्यकता छैन किनकि उहाँले प्रश्नमै उत्तर बोकेर आउनुभएको छ' भन्दै ओलीले त्यसै टारिदिए ।

> 'जनताका सरोकारसँग जोडिएका प्रश्नको जवाफ नदिएर प्रधानमन्त्रीले 'प्रश्नोत्तर' भन्ने कार्यक्रमको धज्जी उडाउनुका साथै कानुनी शासनको उपहास गर्नुभयो ।'

बैठकपछि साहले आफूले आइतबारको पूर्वनिर्धारित प्रश्नोत्तर कार्यक्रमका लागि भनेर चार दिनअघि नै प्रश्न दर्ता गराएको सञ्चारकर्मीमाझ बताए । जनताका सरोकारसँग जोडिएका प्रश्नको जवाफ नदिएर प्रधानमन्त्रीले 'प्रश्नोत्तर' भन्ने कार्यक्रमको धज्जी उडाउनुका साथै कानुनी शासनको उपहास गरेको प्रतिक्रिया दिए ।

प्रतिनिधिसभा नियमावली २०७९ को परिच्छेद् ९ को व्यवस्था अनुरूप प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिन प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम राख्ने प्रावधान छ । जहाँ प्रधानमन्त्रीले प्रश्नकर्ताको जवाफ तत्काल दिनुपर्ने उल्लेख छ । प्रश्नकर्ताले आफूले सोध्ने प्रश्नको जवाफ तीन दिनअघि नै दर्ता गराउनुपर्छ । यस्तो हुँदा प्रधानमन्त्री हरेक प्रश्नको जवाफसहित उपस्थित हुन्छन् भन्ने अपेक्षा गरिन्छ । तर बुधबार प्रधानमन्त्री ओली तयारीविनै उपस्थित भएको अनुमान गर्न सकिन्थ्यो । वैदेशिक रोजगारीमा देखिएका समस्याहरूका विषयमा अध्ययन र योजनासहितको उत्तर दिनुपर्ने ठाउँमा उल्टै प्रश्नकर्ताको कमजोरी देखाएर पन्छिए ।

मुलुकमा रोजगारीको अभावमा दैनिक करिब दुई हजार युवा विदेस गइरहेको अवस्था छ । युवाहरू विदेसिने ग्राफ उकालो लागिरहँदा यस क्षेत्रका समस्याहरू पनि उत्तिकै विकराल छन् ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### प्रश्नले घेरिएपछि..

त्यसपछि पूर्वअर्थमन्त्री एवं माओवादी सांसद वर्षमान पुनको प्रश्नमा पनि उस्तै पक्षपात गरे ओलीले । 'अर्थतन्त्र शिथिलता आएको छ । जनताको चुलोमा महँगी आएको छ । युवाहरू पलायन भएको भयै छ । विश्वविद्यालयमा मेरिटोक्रेसीमा ध्यान दिएको देखिन्न । यसलाई सुधार्न के कस्तो कार्ययोजना छ ?,' पुनले प्रश्न गरेका थिए । पुनले प्रश्न सोधेकोमा प्रधानमन्त्री ओलीले उल्टै कटाक्ष गरे ।

'रुचिकर प्रश्नहरू छन् । देशको अर्थतन्त्रबारे चिन्ता गर्नुभएकोमा धन्यवाद । यसअघि देशको अर्थमन्त्री हुनुभएकोलाई धन्यवाद नदिइ कसरी बस्ने ?,' ओलीले प्रतिप्रश्न गरे । 'पुँजीगत खर्च किन भइरहेको छैन' भन्ने पुनको प्रश्नमा ओलीले जवाफ दिए, 'हो, हाम्रो पुँजीगत खर्च कम छ । तर माननीयज्यू अर्थमन्त्री भएको अवधिको तुलनामा भने बढी छ । यसै अवधिको तुलनामा चालु आर्थिक वर्षको छ महिनाको पुँजीगत खर्च १५ प्रतिशतले वृद्धि भएको छ ।'

सत्तारुढ दलका सांसदहरू प्रतिक्षा तिवारी, प्रतिमा गौतम, श्यामकुमार घिमिरेलगायतको प्रश्नको जवाफ भने ओलीले खुरुखुरु दिएका थिए । कांग्रेस प्रवक्तासमेत रहेका डा. प्रकाशशरण महतले गरेको प्रश्न भने ओलीले 'स्किप' गरे । महतले रेल ल्याउने, टावर बनाउने संस्कृति ओलीकालमा मौलिएको भन्दै यस्तो लोकप्रियवादको अन्त्य हुनेखालको बजेट आउनुपर्ने बताएका थिए । अध्यादेशको प्रशंसा गर्दै महतले भनेका थिए, 'मौद्रिक नीतिमा थप सुधार र सरकारी खर्चलाई उत्पादनमुखी र परिणाममुखी बनाउन लोकप्रियवादको साटो व्यवहारिक र दिगो विनियोजनको आवश्कता छ । अनावश्यक र फजुल खर्च नियन्त्रण जरुरी छ । यसको तयारी के छ ?' उनको यो प्रश्नमा ओलीले कुनै जवाफ दिएनन् ।

आम जनता पार्टीका अध्यक्षसमेत रहेका प्रभु साहको प्रश्नमा भने झोक्किँदै ओलीले जवाफ नै दिएनन् । युवाहरू विदेश पलायन भइरहेको र भारतसँग सम्बन्ध बिगारेको भन्दै साहले अब ओलीले नैतिकताको आधारमा पदमा बसिरहन नमिल्ने बताएका थिए । झोक्किएका ओलीको प्रतिप्रश्न थियो, 'उहाँका प्रश्नहरू उहाँका मनमा रहेका विरोध, आक्रोश, घृणा, आदि अपमानजस्तो रहेका छन् । सांसद्जस्तो गरिमामय पदमा रहेर यस्तो भाषा प्रयोग गर्ने ? के तपाईंलाई कति लाभ भयो भन्ने म म्यानपावरको मान्छे हो ?'

ओलीको प्रश्नपछि साहले पनि जवाफ दिन खोजेका थिए । सभामुख देवराज घिमिरेले सदनको नियम सम्झाउँदै सांसदले प्रतिप्रश्न गर्न नपाउने भन्दै सम्झाएपछि साह बसे । लगत्तै ओलीले भने, 'खासै जवाफ दिइरहनु परेन । उहाँले आफैंले जवाफ बोकेर आउनुभएको छ । माननीयलाई धन्यवाद छ ।'

'प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम'मा प्रकाश ज्वाला, प्रतिक्षा तिवारी, प्रतिमा गौतम, वर्षमान पुन, डा. प्रकाशशरण महत, प्रभु हजारा, प्रेमबहादुर आले, प्रेम सुवाल, प्रेमबहादुर महर्जन, श्यामकुमार घिमिरे र प्रभु साहले प्रश्न सोधेका थिए ।

■■■

### राष्ट्रियसभालाई...

सम्बन्धमासमेत अत्यन्त गैरजिम्मेवारपूर्ण ढंगले आफ्नो धारणा व्यक्त गर्नुभएको देखिएकोले उक्त अभिव्यक्तिप्रति यो सभा खेद प्रकट गर्दछ,' राष्ट्रियसभा अध्यक्ष दाहालले भने, 'आइन्दा आफ्ना विचार सम्प्रेषण गर्दा सुझबुझपूर्ण, वस्तुनिष्ठ र तथ्यपरक हुन निज माननीय सदस्यलाई यो सभा निर्देशनसमेत दिन्छ ।'

शाहीले राष्ट्रियसभालाई 'वृद्धाश्रम'को संज्ञासमेत दिएका थिए । 'राष्ट्रियसभा नै वृद्धाश्रम भएपछि कसको के नै लाग्छ ? वृद्धाश्रममा जानुपर्ने आदरणीय बाजेहरू राष्ट्रियसभामा भत्ता खान गएकाले कसैले पनि लाइक सेयर र सरकारले गरेका गलत गतिविधिहरूको कमेन्ट गर्न नपाउने मिडिया काउन्सिल विधेयक पढ्दै नपढी हुबहु पास गरेका छन् ।'

राष्ट्रियसभाले खेद प्रकट गरेपछि शाहीले जनतामा गएर निर्वाचित भएर आउन राष्ट्रियसभाका सदस्यहरूलाई चुनौति दिएका छन् । 'चुनाव हारेका हरूवाचरुवालाई भर्ती गर्ने केन्द्र राष्ट्रियसभा बनाएपछि हामीले हरूवाचरुवा भर्ती केन्द्र वृद्धाश्रमलाई बालआश्रम भनिदिनुपर्ने हो राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यू ?,' शाहीले भनेका छन्, 'मेरा विरुद्धमा खेद प्रस्ताव पारित गर्नुभन्दा जनतामा गएर चुनाव जितेर आउनुहोस् ।'

■■■

### खराब कर्जाले...

त्यसैका कारण पनि बैंकको निष्क्रिय कर्जा दर ०.६१ बाट बढेर १.१९ प्रतिशत पुगेको प्रतिवेदनले प्रस्ट देखाएको छ । अहिले बैंकको खुद ब्याज आम्दानी १०.१३ प्रतिशतले घटेकोमा सञ्चालन मुनाफा २४.१३ प्रतिशतले घटेको छ । बैंकको प्रतिसेयर आम्दानी ५४.९२ प्रतिशतले घट्न पुगेको छ ।

#### खराब कर्जाका कारण ८३ वटा मुद्दा

बैंकले गरेको खराब कर्जाका कारण ऋण उठाउने बैला अहिले ऋणीहरूको तीन पुस्ते सार्वजनिक गरिरहेको छ । हरेक दिन बैंकले सार्वजनिक गरेका ऋणीहरूको धितो लिलामसम्बन्धी सूचनाले पनि बैंक कसरी डुब्दै गइरहेको छ भन्ने कुराको पुष्टि गर्छ । पटक-पटक लिलामीमा जाँदासमेत जिन्सी धितो लिलामी गर्न नसकेको बैंकले खराब कर्जाको व्यवस्थापनकै लागि चालु आर्थिक वर्षमा पाँच अर्ब ६२ करोड ९० लाख रूपैयाँभन्दा माथि 'लोन लस्ट प्रोभिजन' गर्न बाध्य भएको छ ।

त्यही भएर एनआइसी एसियाले कर्जा असुली न्यायाधिकरणमा ऋणीविरुद्ध ८३ वटा मुद्दा हालेको देखिन्छ । उच्च कर्मचारीहरूकै मिलेमतोमा दिइएको कर्जा आर्थिक वर्षको पुस मसान्तसम्ममा दुई अर्ब ९३ अर्ब रूपैयाँभन्दा बढी उठ्न नसकेपछि कर्जा असुली न्यायाधिकरणमा बैंक मुद्धा हाल्न पुगेको हो ।

■■■

### वैदेशिक रोजगारीका...

अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा व्यक्तिगत, संस्थागत र पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेको संख्या सात लाख ४१ हजार २९७ थियो । २०७८ को जनगणनाले झण्डै २२ लाख नेपाली वैदेशिक रोजगारीमा रहेको देखाएको छ । उक्त अवधिमा १४ खर्ब ४५ अर्ब ३२ करोड रेमिटचान्स भित्रिएको थियो ।

सांसद साहले सोधेजस्तै अवैधानिक माध्यमबाट नेपालीहरूले पैसा पठाउने गरेको नेपाल राष्ट्र बैंकको अध्ययनले नै देखाएको छ । तर यस्तो कारोबारमा संलग्न कति छन्, कति रेमिटचान्स हुन्डिमार्फत भित्रिन्छ भन्ने तथ्यांक सरकारसँग छैन । अरु त परको कुरा युवाहरूको रोजगारीको केन्द्र बनेको खाडी मुलुकबाट कति विप्रेषण भित्रिन्छ भन्ने रेकर्ड राष्ट्र बैंकसंग नभएको अवस्था छ । नेपालको नागरिकता त्यागी विदेशमा बसोवास गर्दै आएकाको पैतृक सम्पत्तिलाई राज्यले कसरी सदुपयोग गर्ने जस्ता विषयमा राज्यले काम गर्नुपर्ने ठाउँमा सरकार प्रमुखले उल्टै म म्यानपावरको मान्छे होइन भन्ने जवाफ दिएर पन्छिए ।

## हेमोफिलियाका बिरामीलाई निःशुल्क औषधि



**काठमाडौं (प्रस)-** रगत नजम्ने वंशाणुगत समस्या हेमोफिलिया रोगका बिरामीलाई निःशुल्क औषधि उपब्ध गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व हेमोफिलिया महासंघबीच सम्झौता भएको छ ।

औषधि व्यवस्था विभागमा महासंघ र मन्त्रालयबीच यससम्बन्धी सम्झौता गत शुक्रबार भएको स्वास्थ्य तथा जनसंख्यामन्त्रीको निजी सचिवालयले आइतबार जनाएको छ ।

अब महासंघबाट यो रोगको उपचारका लागि आवश्यक औषधि प्राप्त हुने र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मातहतका संघीय अस्पताल तथा प्रादेशिक अस्पतालका अलावा अन्य सरकारी अस्पतालबाटसमेत उपलब्ध गराउने निजी सचिवालयले आइतबार जारी गरेको प्रेस नोटमा उल्लेख छ ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार हाल मुलुकमा ९०० जना यो रोगका बिरामीका रूपमा पहिचान भएका छन् । विश्व स्वास्थ्य संगठनले नेपालमा पहिचान हुन नसकेका यस्ता बिरामी पाँच हजार रहेका अनुमान गरेको छ । विसं.२०७८ को जनगणनामा २.२ प्रतिशतमा अपांगता देखिएकामध्ये ०.८ प्रतिशतमा हेमोफिलिया भएको हुनसक्ने ठानिएको छ ।

सांसदहरूको माग

## 'जातीय विभेदका घटनालाई गम्भीररूपमा लिनुपर्छ'

**काठमाडौं (प्रस)-** राष्ट्रियसभाका सांसद मदनकुमारी गरिमा (शाह) ले जातीय भेदभाव तथा छुवाछूतका घटनालाई सरकारले गम्भीररूपमा लिनुपर्नेमा जोड दिएकी छन् । राष्ट्रियसभाको आइतबारको बैठकको शून्य समयमा उनले बैतडीको सिगास गाउँपालिका-१ आङडेगाडाका प्रकाश दमाइकी आमा माना दमाइको निधन हुँदा जातीय कारणले मलामी नपाएको भन्दै सरकारको ध्यानाकर्षण गराइन् ।

उनले भनिन्, 'सामाजिक न्याय र मानवअधिकार हराउँदै गएको छ, शिक्षक प्रकाश दमाइकी आमाको शब्दले दमाइ भएकै कारण मलामी पाएको छैन, यो घटना सभ्य समाजका लागि कलंक हो, जातीय विभेदको योभन्दा निकृष्ट उदाहरण अरु हुन सक्दैन ।'

#### विशेष प्रहरी "डेस्क" गठन गरिने

यसैबीच गृहमन्त्री रमेश लेखकले जातीय विभेद र छुवाछूतका समस्या सम्बोधन गर्न विशेष प्रहरी 'डेस्क' गठन गर्ने बताएका छन् । संयुक्त राजनीतिक दलित संघर्ष समितिको जातीय विभेदलगायत विषय सम्बोधन गर्न समितिका संयोजक लोकबहादुर विश्वकर्मा नेतृत्वको प्रतिनिधिमण्डलबाट ज्ञापनपत्र बुझेपछि उनले उक्त जानकारी दिएका हुन् । 'प्रहरी प्रधान कार्यालयमा एउटा डेस्क गठन गर्छु । त्यसलाई ७७ जिल्लामै डेस्क बनाउन निर्देश गर्छु' गृहमन्त्रीले भने ।

जातीय विभेद निर्मूल गर्न सरकार लागिपरेको उनले बताए । 'संविधान निर्माणका क्रममा सबै समुदायका मौलिक हकलाई सुनिश्चिता हुनेगरी राख्नुपर्छ भन्ने मान्छे म हुँ । त्यही अनुसार सबै राजनीतिक दलबीच सहमति भएको हो । जातीय विभेद निर्मूल हुनुपर्छ भनेर म सधैं लागिपरेको छु,' गृहमन्त्रीले भने ।


**Qatar/Saudi मा रोजगार** Shaqab Abela Catering Services Co., Qatar

पुन विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/८/४ चलानी नं. ६०२२८२८० LT No.: 313898

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Gen Clean Worker | 9 | काममा दक्ष | 1000 | ३८,०००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Princess Saad Naif Al-Mutairi Trading Establishment, Saudi

पूर्व स्वीकृती मितिः २०८१/११/४ चलानी नं. ६०२३३११४ LT No.: 318911

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Worker | 1 | काममा दक्ष | 1000 | ३६,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु.१०,०००/- |

अन्तरवार्ता २०८१ फागुन १२ गते (24 Feb., 2025) यस प्रा. लि. को कार्यालय गौशाला काठमाडौंमा हुनेछ ।

POWER EMPLOYMENT PVT. LTD.
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com
Lic. No.: 1194/073/074



**कुवेतमा रोजगार** कम्पनी : COVIT RESTAURANT CO.WLL

पूर्व स्वीकृति मिति : २०८१/१०/२९ LT. No. 307452 चलानी नं.६०२२२१६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | fast food maker | 11 | 0 | 150 | ६७,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**कतारमा रोजगार** कम्पनी : ALBEST POOLS CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८१/११/04 LT. No. 318910 चलानी नं. ६०२३३१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | १३६,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 2500 | ९४,९६० | | | | | | | |
| 3 | Customer Service | 1 | 0 | 1500 | ५६,९७५ | | | | | | | |
| 4 | Driver | 1 | 0 | 2000 | ७५,९७० | | | | | | | |
| 5 | Electrician General | 2 | 0 | 2500 | ९४,९६० | | | | | | | |
| 6 | Gen. Cleaner Worker | 6 | 0 | 1100 | ४१,७८५ | | | | | | | |
| 7 | Labour | 2 | 0 | 1100 | ४१,७८५ | | | | | | | |
| 8 | Labour Services | 3 | 0 | 1100 | ४१,७८५ | | | | | | | |
| 9 | Representative | 1 | 0 | 2500 | ९४,९६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम इजाजत नं. १३०२/०७४/०७५



**युएइ/साउदीमा रोजगार** कम्पनी : MADAR STEEL INDUSTRIES LLC सेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०६/१० पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/08 LT. No. 307880 चलानी नं. ६०२२५५८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 5 | 0 | 800 | ३०,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Sulaiman Abdulaziz Sulaiman Al Nashwan Trading Est. सेवा शुल्क: १०,००० 

पूर्व स्वीकृति मिति : २०८१/११/08 LT. No. 318909 चलानी नं.६०२३३१२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Packing Worker | 2 | 0 | 1000 | ३६,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Zahra Shifa Trading Est सेवा शुल्क: १०,००० 

पूर्व स्वीकृति मिति : २०८१/११/08 LT. No. 318908 चलानी नं.६०२३३१२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Packing Worker | 1 | 0 | 1000 | ३६,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01 - 4959026, 01-4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/११/०५**

यस कम्पनीको मिति २०८१/१०/०८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **हाईगेट कलेज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **मेराकी लक्जरी स्पा प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **मेराकी लक्जरी स्पा प्रा.लि.** (प्रा.लि.नं.२८७९३७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता मिति २०७५।०९।१२ मा दर्ता नं. १८२२३२/०७४/०७५ मा दर्ता भै संचालनमा रहेको स्टेप अन हिमालया प्रा.लि.कम्पनीको मिति २०८०।१०।०९ मा बसेको वार्षिक साधारण सभाको निर्णय बमोजीम कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित कम्पनी रेक्रिएसन होलिडेज प्रा.लि. ले सकार्ने बेहार्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८०।१०।१२ गतेको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति तथा अभिलेख प्रदान गरेको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### ललितपुर महानगरपालिका
**१४ वडा कार्यालय**
**तिखेदेवल, ललितपुर**
**बागमती प्रदेश नेपाल**

**संधियार चार किल्ला बुझ्ने सम्बन्धी ३५ दिने सूचना !**

*प्रकाशित मितिः २०८१।११।०५*

श्री जनता समाज बादी पार्टी नेपालको नाममा दर्ता श्रेस्ता कायम रहेको हालको ललितपुर महानगरपालिका वडा नं. १४ को साविक वडा नं. ५ (ठ) कि.नं. १९३७ को क्षेत्रफल १-८-०-० को जग्गामा नयाँ घर निर्माण गर्नका लागी नक्शा पास गरी पाँऊ भनी मिति २०८१।१०।३० गते का दिन यस वडा कार्यालयमा निवेदन दिनु भएको मिति २०८१।१०।१० गते यस वडा कार्यालय बाट सूचना जारी गरी पटक-पटक संधियारको नाममा जारी १५ दिने सूचना बुझाउन जाँदा दाङ्ग जिल्ला, त्रिभुवन नगरपालिका, वडा नं.०१ बस्ने श्री पुर्ण माया शर्मा को नाममा दर्ता श्रेस्ता कायम रहेको हालको ललितपुर महानगरपालिका वडा नं. १४ को साविक वडा नं. ५ (ठ) कि.नं. १९३५ को पश्चिमका संधियार र काठमाडौं जिल्ला, कामाडौं महानगरपालिका, वडा नं. १० बस्ने श्री नरेन्द्र लाल प्रधानको नाममा दर्ता श्रेस्ता कायम रहेको हालको ललितपुर महानगरपालिका वडा नं. १४ को साविक वडा नं. ५ (ठ) कि.नं. १९३६ को पश्चिमका सँधियार फेला नपर्नु भई उहाँ फिल्डमा अनुपस्थित हुनु भएकोले नक्शा पास कार्य रोकिएको हुनाले यदि कोही कसैलाई दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस १४ वडा कार्यालयमा उपस्थित भई आफ्नो चार किल्ला पत्र बुझिदिनु हुन अनुरोध गरिन्छ । यदि तोकिएको अवधिमा यस वडा कार्यालयमा उपस्थित भई चार किल्लाको म्याद बुझि लिन नआएमा प्रचलित कानून बमोजिम नक्शापास प्रक्रिया अघि बढ्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

### मुकुल बचत तथा ऋण सहकारी संस्था लि.

**बालुवाटार, काठमाडौं, सम्पर्क नं.०१-४५३५६२६, ०१-४५३५४६८, फ्याक्स नं.४४३३६७०**

**धितो लिलाम बढाबढको पुनः ३५ (पैतीस) दिने सूचना !**

*(दोस्रो पटक प्रकाशित मिति : २०८१/११/०५ गते)*

यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पति धितो सुरक्षण राखी ऋण लिनुभएको तपसिलका ऋणी सदस्यले ऋणको साँवा, व्याज र हर्जना समेत नतिरी/नबुझाई लिखतअनुसारको ऋणसम्बन्धी शर्तहरू पटक-पटक उल्लङ्घन गरेकाले बारम्बार लिखित तथा मौखिक तरताकेता गर्नुका साथै राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैतिस) दिने सूचना तथा धितो लिलामको सूचना मिति २०८०/१२/१८ मा प्रकाशति गर्दा समेत आफूले बुझाउनु पर्ने ऋणको रकम चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाएकोले राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बढाबढ ३५ दिने सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । संस्थासँग भएको शर्त, कबुलिखत, तमसुक बमोजिमको धितोको घर/जग्गाहरू जे जस्तो छ, सोही अवस्थामा नेपाल सरकारबाट स्वीकृत सहकारी ऐन, २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन, २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा यस संस्थाको विनियम अनुसार यस कार्यालयमा तल उल्लेखित मिति र समयमा धितो लिलामको डाक बढाबढ गरी बेचविखन गरिने हुँदा सो धितो खरिद/सकार गरी लिन इच्छुक सर्वसाधारणहरूलाई समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम थर | धितो विवरण | धन जमानी बस्ने |
|---|---|---|
| **नाम** : राम कुमार अर्याल <br>**ना.प्र.नं.**३०७४/८२१७<br>**बाबुको नाम** : वनमाली उपाध्याय<br>**बाजेको नाम** : तोयनाथ<br>**स्थायी ठेगाना** : का.म.न.पा-२, काठमाडौं | ऋणीको नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला मनमैजु गा.वि.स/न.पा वडा नं.९ (ख) को (साविक किता नं.११५) को हाल साविक भई क्रमशः कित्ता नं.६०, १७९, १८१, १७७ र १७४ का १२२.६७, २७.००, २६.००, १५.०० र १७६०.०० वर्ग क्षेत्रफल भएको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलाग समेत । | **नाम** : विष्णु अर्याल <br>**ना.प्र.नं.**८२१३<br>**नाता** : भाई<br>**बाबुको नाम** : वनमाली उपाध्याय<br>**बाजेको नाम** : तोयनाथ<br>**स्थायी ठेगाना** : का.म.न.पा-२, काठमाडौं |

**लिलाम विक्रीका शर्तहरू :**

१. लिलामी अन्तिम पटक सबैभन्दा बढी कवोल गर्ने व्यक्तिले आफूले बोलेको कूल रकमको १०% ले हुने रकम धरौटी वापत तुरुन्तै (डाक बढाबढ गरेकै बखतमा) यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलामी सकार गर्ने व्यक्तिले स्वीकृत पत्र पाएको मितिले ७ (सात) दिनभित्र कबुल गरेको सम्पूर्ण रकम बुझाउनु पर्नेछ । नबुझाईमा धरौटी रकम जफत गरिनेछ । त्यसपछि दोस्रो बढी रकम कवोल गर्नेलाई मौका दिइनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पति लिलाम विक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला/खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको नगद रकम सबै आफूले व्यहोर्नु पर्नेछ ।
४. यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको समयामा हुनेछ ।
५. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने व्यक्तिलाई धितो सुरक्षणको अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. जग्गा हेर्न चाहेमा आफ्नो खर्चमा सम्वन्धित स्थानमा गई हेर्न सकिनेछ ।
७. जग्गाधनी वा निजको प्रतिनिधि लिलाम विक्री हुने समयमा उपस्थित हुनु पर्नेछ । तर निज वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि लिलाम विक्री गर्न बाधा पुगेको मानिने छैन ।
८. धितो लिलाम विक्री हुँदा डाक बढाबढमा कसैले भाग नलिएमा संस्था आफैले धितो जग्गा सकार गरि लिनेछ ।

**धितो लिलाम हुने मिति, समय र स्थान :**
**लिलाम हुने मिति** : २०८१/१२/११ गते, सोमबार
**समय** : दिनको ४:०० बजे, **स्थान** : संस्थाको मुख्य कार्यालय, बालुवाटार, काठमाडौं ।

**मुकुल बचत तथा ऋण सहकारी संस्था लि.**
बालुवाटार, काठमाडौं, फोन नं. ४५३५६२६, ४५३५४६८

### सुदूरपश्चिम प्रदेश सरकार
### भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
### सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय
**धनगढी, कैलाली, नेपाल**

**सूचना**

**प्रकाशित मिति : २०८१/११/०५**

यस सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, धनगढि कैलालीको आ.ब २०८१/८२ को बार्षिक स्विकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्नुपर्ने भएको हुनाले ईच्छुक सहकारी संस्था/संघहरुले मिति २०८१/११/२५ गते भित्र तोकिएको कार्यालयमा उल्लेखित कागजातहरु सहित आवेदन पेश गर्नहुन जानकारी गरिन्छ ।

**कार्यक्रमहरु :**

| क्र. सं | कार्यक्रमको नाम | ईकाई | परिमाण | बजेट (रु लाखमा) | आवश्यक कागजातहरु | आवेदन पेश गर्नुपर्ने कार्यालय |
|---|---|---|---|---|---|---|
| १ | सहकारी संघ संस्थाहरुलाई उत्पादन, बजारिकरण तथा प्रशोधन सहयोग | पटक | १ | २०० | • संस्था दर्ता र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>• गत ३ बर्षको लेखापरिक्षण प्रतिवेदन<br>• संचालक समितिको निर्णय<br>• सुदुरपश्चिम प्रदेश कृषि तथा पशुपंछि व्यवसाय प्रवर्धन नियमावली २०७९ को अनुसुचि ५ बमोजिमको व्यवसाय संचालनको प्रस्ताव र लागत साझेदारी | सहकारी संस्थाहरुले सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र |
| २ | सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि साझेदारि कार्यक्रम | संख्या | २२ | ५५ | • संस्था दर्ता र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>• गत ३ बर्षको लेखापरिक्षण प्रतिवेदन<br>• संचालक समितिको निर्णय<br>• प्रस्तावित कार्यक्रमको विस्तृत प्रस्ताव तथा लागत अनुमान | सहकारी संघहरुले सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, धनगढि कैलाली |

थप जानकारिका लागि कार्यालयको फोन नं ०९१-४१७३८४ वा यस कार्यालयका अधिकृत श्री विनोद राज पन्त को मोवाईल नं ९८६५९०२३७१ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# 'ग्लोबल साउथ'बीच 'कनेक्टिभिटी' र सामूहिक सहकार्य आवश्यक : परराष्ट्रमन्त्री

**काठमाडौं-** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले ग्लोबल-साउथले बहुसंख्यक मानिसको प्रतिनिधित्व गर्ने भएकाले यस क्षेत्रमा 'कनेक्टिभिटी'सहितको सामूहिक सहकार्य आवश्यक रहेको बताएकी छन् ।

आठौं हिन्द महासागरीय सम्मेलनलाई आइतबार ओमनको राजधानी मस्कटमा सम्बोधन गर्दै उनले यस्तो धारणा राखेकी हुन् । उक्त सम्मेलनको मुख्य विषयवस्तु 'समुद्री साझेदारीको नयाँ क्षितिजको यात्रा' नेपालजस्ता भूपरिवेष्ठित देशका लागि विशेष महत्त्वको रहेको उल्लेख गर्दै मन्त्री डा. देउवाले यसबाट हुने सामुद्रिक साझेदारीले कनेक्टिभिटी बढाउने र यो मानवताको समावेशी र दिगो विकासका लागि माध्यम बन्ने धारणा राखिन् ।

सम्मेलनमा आयोजित 'विश्वव्यापी दक्षिणको आवाजलाई बुलन्द गर्ने' विषयक सत्रमा मन्त्री डा. देउवाले विशेषगरी हिन्द महासागरीय क्षेत्रले बहुसंख्यक मानवको प्रतिनिधित्व गर्ने र यसको उन्नतिविना विकसित विश्वले प्राप्त गरेको उपलब्धि पनि खतरामा पर्न सक्ने बताइन् । 'मलाई लाग्छ भविष्यका लागि 'रोडम्याप' स्पष्ट छ । मानवताको भविष्यका लागि अगाडि बढ्ने बाटोमा विश्व सहमत छ, यसका लागि आवश्यक रणनीति पनि पहिचान भएको छ । म दोहोर्‍याउन चाहन्छु कि ग्लोबल-साउथले बहुसंख्यक मानवको प्रतिनिधित्व गर्दछ । हामी कसैलाई पनि पछाडि छोड्ने छैनौं र पछाडि छोडिन पनि चाहँदैनौं । हाम्रा एजेन्डा र साझा लक्ष्य पूरा गर्न सामूहिक सहकार्य र प्रतिबद्धताका साथ अघि बढ्नुपर्छ,' उनको भनाइ थियो ।




ग्लोबल साउथको आवाजका विषयमा छलफल गर्दा सबैले यो क्षेत्र न्यायपूर्ण, निष्पक्ष र समावेशी विश्व निर्माणका लागि अझ महत्त्वपूर्ण छ भन्ने कुरामा ख्याल गर्नुपर्ने मन्त्री डा. देउवाको भनाइ थियो । उनले ग्लोबल साउथको पूर्ण सम्भावनालाई उजागर गर्न यस क्षेत्रले दक्षिण-दक्षिण सहयोग सुधारका लागि आवश्यक नीतिहरूको समीक्षा गर्दै क्षेत्रीय एकीकरणलाई सुदृढ पार्ने र पारस्परिक सहयोगलाई बढावा दिने कामलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राखिन् ।

'वित्तीय स्रोतहरूमा समतामूलक पहुँच सुनिश्चित गर्ने र ग्लोबल साउथको प्रतिनिधित्व सुनिश्चित गर्न विश्वव्यापीरूपमा प्रशासन तथा वित्तीय संस्थाहरूमा सुधार गर्न आवश्यक छ । साथै विकसित देशहरूका प्रतिबद्धताहरूको कार्यान्वयनका लागि पनि हामीले सामूहिक वकालत गर्नुपर्ने अवस्था छ,' मन्त्री डा. देउवाको भनाइ उद्धृत गर्दै उनको सचिवालयले भनेको छ ।

यसैगरी सडक, हवाई तथा समुद्रमार्फत क्षेत्रीय कनेक्टिभिटी बढाउने र आपसी ज्ञान, सीप र प्रविधिको हस्तान्तरणमार्फत क्षमता विकासका कामलाई सामूहिक रूपमा अघि बढाउने काम गर्नुपर्नेमा पनि उनको जोड थियो

असमानता, गरिबी, बढ्दो ऋण संकट, द्वन्द्व, डिजिटल विभाजन एवं जलवायु परिवर्तनले निम्त्याएका चुनौतीहरूको सामना गर्न यस क्षेत्रमा सामूहिक संकल्पका साथ दक्षिण दक्षिण-सहयोग र सहकार्य आवश्यक रहेकामा उनले जोड दिइन् । 'कम विकसित, भूपरिवेष्ठित र साना टापु देशहरूमा उपलब्ध सीमित स्रोत र क्षमताको दबाब रहेकाले यसलाई पार लगाई बलियो भविष्य निर्माणका लागि सामूहिक सहकार्य आवश्यक छ । यसले सीमापार तथा अन्तरदेशीय भौगोलिक क्षेत्रमा पर्नसक्ने चुनौतीहरूको सामना गर्न सहयोग पुग्नेछ,' डा. देउवाले भनिन् । *रासस*

# बेलुन विष्फोट घटनाको छानबिन गर्न बनाइयो समिति

**काठमाडौं (प्रस)-** शनिबार पोखरामा आयोजित 'पोखरा भ्रमण वर्ष २०२५' उद्घाटन समारोहमा भएको बेलुन विष्फोट घटनाको छानबिन गर्न आठ सदस्यीय समिति गठन भएको छ । गृहमन्त्री रमेश लेखकले कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको संयोजकत्वमा आठ सदस्यीय छानबिन समिति गठन गरेका हुन् । समितिलाई १५ दिनभित्रमा छानबिन प्रतिवेदन पेस गर्ने कार्यादेश छ ।

मन्त्रीस्तरीय निर्णयबाट गठित समितिमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलिया, सशस्त्र प्रहरीका २४ नम्बर गण बाहिनीका प्रमुख सूर्यप्रसाद तिमिल्सिना, राष्ट्रिय अनुसन्धान कास्की जिल्ला कार्यालयका उपअनुसन्धान निर्देशक सुरेशकुमार तिवारी सदस्य र कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गंगाबहादुर क्षेत्री सदस्यसचिव रहेको समिति गठन गरिएको हो । समितिमा एक जना विष्फोटक पदार्थविज्ञसमेत सदस्यका रूपमा रहने व्यवस्था गरिएको छ ।

समारोहमा बेलुन उडाउने क्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य घाइते भएका छन् । उनीहरू दुवै जनाको कीर्तिपुरस्थित बर्न अस्पतालको सघन उपचार कक्षमा उपचार भइरहेको छ ।

छानबिन समिति गठन गरेपछि गृहमन्त्री लेखक बर्न अस्पताल पुगेर उनीहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका थिए ।

# तेमाल-६ मा रास्वपाको वडा समिति गठन

**काभ्रेपलाञ्चोक (प्रस)-** जिल्लाको तेमाल गाउँपालिका वडा नम्बर ६ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को वडासमिति गठन भएको छ । ठूलो पर्सेलमा बुधबार सम्पन्न प्रथम वडा अधिवेशनले लालबहादुर तामाङको सभापतित्वमा ११ सदस्यीय वडासमिति चयन गरेको जनाइएको छ । समितिमा पुष्प तामाङ उपसभापति चयन भएका छन् ।

रास्वपा सहप्रवक्ता रमेश प्रसाईंले उद्घाटन गरेको अधिवेशनमा रास्वपा काभ्रे जिल्ला सभापति प्रवीण ढकाल, काभ्रे-१ का क्षेत्रीय सभापति मधु चौलागाई, उपसभापति डेमा लामा, तेमाल गाउँपालिका अधिवेशन संयोजक नेरु लामालगायतको उपस्थिति रहेको थियो ।

नवगठित समितिमका सभापति तामाङले पार्टीलाई वडामा मजबुत बनाउने प्रतिबद्धता व्यक्त गरे ।

# १३ लाख किशोरीलाई लगाइयो एचपिभी खोप

**काठमाडौं (प्रस)-** पाठेघरको मुखको क्यान्सरबाट बचाउने उद्देश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेको एचपिभी खोप अभियानबाट १३ लाख किशोरीले खोप प्राप्त गरेका छन् । अभियानको १२औं दिन शनिबारसम्म १३ लाख किशोरीले खोप लिएका स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखा प्रमुख डा. विवेककुमार लालले जानकारी दिए ।

गत माघ २२ गते सुरु भएको अभियान भोलि ६ गतेसम्म सञ्चालन हुने छ । अभियानका क्रममा कक्षा ६ देखि १० का छात्रा र १० देखि १४ वर्षका किशोरीलाई स्थानीय तहमा रहेका केन्द्रहरूमार्फत खोप लगाइएको हो ।

## बौद्ध बचत तथा ऋण सहकारी संस्था लि.

किलागाल, नरदेवी, काठमाडौं, सम्पर्क नं.९८५१०३५३४३

### जग्गा धितो लिलामको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८१/११/०५ गते**

यस संस्थाबाट व्यापारिक कर्जा उद्देश्यको लागि अचल सम्पत्ति धितो राखी कर्जा लिनु भएको ऋणी सदस्यले कर्जाको साँवा व्याज नतिरी नबुझाई लिखित अनसारको कर्जा सम्बन्धि शर्त उल्लङ्घन गरेकोले पटक पटक सूचना प्रकाशित गरी तारताकेता गर्दा समेत कर्जाको रकम चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाएकोले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र संस्थाको कार्यालयमा सम्पर्क गरी कर्जा चुक्ता गर्न हुन तपसिलका ऋणी सदस्यको लागि अन्तिम पटक यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा संस्थासँग भएको शर्त कबुलियत तमसुक वमोजिमको धितोको जग्गा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा तल उल्लेखित मिति, समय र स्थानमा लिलाम डाँक बढाबढ गरी बेचबिखन गरिने हुँदा सो धितो खरिद गरी लिने ईच्छुक सर्वसाधरणलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको नाम ठेगाना (तीनपुस्ते) | धितोको विवरण |
|---|---|
| **नाम थर** : ध्रुव बहादुर कुमाल | **जिल्ला** : धादिङ |
| **बुबाको नाम** : विष्णे कुमाल | **गा.वि.स.** : मुरली भञ्ज्याङ |
| **बाजेको नाम** : ध्वजबहादुर कुमाल | **वडा नं.** : १ |
| **स्थायी ठेगाना**: जिल्ला धादिङ, मुरली भञ्ज्याङ गाविस वडा नं.-१ को परिवर्तित निलकण्ठ न.पा.वडा नं.८ | **नक्सा सिट नं.** : १ 'ज' |
| | **कित्ता नं.** : ३४३ |
| **हालको ठेगाना** : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.१८ | **क्षेत्रफल** : ०-४-०-० |

**लिलाम बिक्रीका शर्तहरू**

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्तिले आफूले बोलेको कुल रकमको १०% ले हुने रकम नगदै धरौटी वापत यस संस्थामा बुझाउनु पर्ने छ ।
२. लिलाम सकार गर्ने व्यक्तिले स्वीकृति पत्र पाएको मितिले ७ दिन भित्र कबुल गरेको सम्पूर्ण रकम नबुझाएमा धरौटी रकन स्वतः जफत हुनेछ ।
३. धितो सुरक्षण रहेको अचल सम्पति लिलाम विक्रीमा सकार गरी लिनेले अचल सम्पति दाखिला खारेज गर्दा लाग्ने शुल्क, दस्तुर वापतको रकम सबै आफैले व्यहोर्न पर्ने छ ।
४. लिलाम तोकेको दिन खोलिने छ तर सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन खोलिने छ ।
५. लिलाम बढाबढ गर्दा अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

**लिलाम हुने स्थान** : बौद्ध बचत तथा ऋण सहकारी संस्था लि., किलागल, नरदेवी, काठमाडौं
**लिलाम हुने मिति** : २०८१/११/१२ गते
**लिलाम हुने समय** : दिनको ३:०० बजे


### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP132 90CM MATT BLACK | N/A | CHINA | PCS | 19,040.00 | 21,190.00 | |
| | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP134 75CM MATT BLACK | N/A | CHINA | PCS | 11,330.00 | 12,730.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | BOSS | BOSS NP118 90CM MATT BLACK | N/A | CHINA | PCS | 13,710.00 | 15,310.00 | |

बिक्रेताको फर्मको नाम: Panchasorna Group Pvt. Ltd. | स्थायी लेखा नं: 606749170
ठेगाना: Pepsikola-32, Kathmandu, Nepal | फोन नं: 9801171012



### कतारमा रोजगार

कम्पनी : RAMEZ HYPERMARKET

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 312736 | चलानी नं. ६०२२७१४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 0 | 1 | 1000 | ३७,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



### साउदी/कुवेतमा रोजगार

कम्पनी : FATIMA AMER MOHAMMED ASIRI TRADING EST.

पूर्व स्वीकृति मिति : २०८१/११/०२ | LT. No. 318888 | चलानी नं. ६०२३३०९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruits & Vegetable Preparation Labo | 3 | 0 | 1200 | ४४,२५६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Load & Unloading Workers | 4 | 0 | 1200 | ४४,२५६ | | | | | | | |
| 3 | Shelf Packer | 5 | 0 | 1200 | ४४,२५६ | | | | | | | |

कम्पनी : TOTTENHAM INTERNATIONAL GENERAL BUILDINGS CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318919 | चलानी नं. ६०२३२९०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Handling Labour | 4 | 0 | 160 | ७१,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



### युएइमा रोजगार

कम्पनी : SAI KITCHEN & WOODEN SAFES FACTORY LLC

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318968 | चलानी नं. ६०२३३१५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen. Carpenter | 28 | 0 | 1200 | ४५,१९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १३ र १४ गते (25th &26th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com


## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/०८/२४ मा दर्ता भएको **अनलाइन सेल्स नेपाल प्रा.लि. (प्रा.लि. नं. २३००१६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## भावपूर्ण श्रद्धाञ्जली



**जन्म मिति :** २०३३/०४/११ गते

**स्वर्गारोहण मिति:** २०८१/१०/२३ गते

**स्व. हिरा राज कार्की (नारायण**

जिल्ला उदयपुर त्रियुगा नगरपालिका वडा नं.७ होक्से निवासी मेरा पति तथा सन्देश कार्की र सोना कार्कीका पुजनीय पिता **हिराराज कार्की (नारायण)** को ४८ वर्षको उमेरमा यही मिति २०८१ माघ २३ गतेका दिन स्वर्गारोहण हुनुभएको दुःखद् घडीमा हामी शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनी हामीप्रति **समवेदना प्रकट** गर्नुहुने सम्पूर्ण आफन्तजन तथा शुभचिन्तकज्यूहरूमा धन्यवाद दिन चाहान्छौं । साथै दिवङ्गत आत्माको चीरशान्तिको कामनासहित बैकुण्ठमा बास होस् भनी मृतक आत्माप्रति **भावपूर्ण श्रद्धञ्जली अर्पण** गर्दछौं ।

**श्रीमती** : शोभा कार्की/**छोरी** : सोना कार्की/**छोरा** : सन्देश कार्की
तथा
**समस्त कार्की परिवार ।**

# Jahada Rural Municipality
## Office Of The Rural Municipal Executive
### Morang, Koshi Province, Nepal

## Invitation For E-Bid

*Date of Publication: 5th Falgun, 2081*

1. Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only.

| IFB No. | Work Descriptions | Estimated Amount (With PS and VAT) | Bid Document Cost Nrs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| JRM/WORKS/SQ/081/082/19 | Lohondra naya pul xew ko dubai tira pankha sahit bato nirman wada no.4 | NRs. 9,65,758.23 | 1000.00 | - | 12:00 PM on 2081/11/20. | 2:00 PM on 2081/11/20. | 23500.00 | Re-Invitation of E-Bid |
| JRM/WORKS/SQ/081/082/20 | Lohondra khola daxin xew bata purano bato mato gravel lohondra khola samma Ra Tarigama APF ko karyalaya compound wall tatha mato filling garne karya wada no.7 | NRs. 10,44,096.80 | 1000.00 | - | 12:00 PM on 2081/11/20. | 2:00 PM on 2081/11/20. | 26500.00 | |
| JRM/WORKS/SQ/081/082/21 | Hat bajar bewasthapan tatha purwadhar nirman | NRs. 18,86,958.325 | 1000.00 | - | 12:00 PM on 2081/11/20. | 2:00 PM on 2081/11/20. | 45000.00 | |
| JRM/WORKS/SQ/081/082/22 | wada no-3 hirdaya rajbanshi ko ghar dekhi falamko pul samma batochouda karya | NRs. 9,55,877.95 | 1000.00 | - | 12:00 PM on 2081/11/20. | 2:00 PM on 2081/11/20. | 23500.00 | |
| JRM/WORKS/SQ/081/082/23 | Masaan Ghat Nirman Ra Bewasthapan | NRs. 13,88,243.61 | 1000.00 | - | 12:00 PM on 2081/11/20. | 2:00 PM on 2081/11/20. | 35000.00 | Invitation of E-Bid (New) |
| JRM/WORKS/SQ/2081/082/24 | Sabai wada haru ma sadak batti jadan. | NRs. 19,20,228.09 | 1000.00 | - | 12:00 PM on 2081/11/20. | 2:00 PM on 2081/11/20. | 43000.00 | |

2. The details of the project is as follows :
For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जलन अस्पताल कहिले बनाउने ?

नेपालमा धेरैजसो कार्यक्रमहरूको उद्घाटन दियो बालेर गरिन्छ । हरेक कार्यक्रममा दियो बाल्नुलाई शुभ साइतका रूपमा लिइन्छ । पानसमा बत्ती बालेर होस् या अरु जुनसुकै नाम दिएको भाँडामा बत्ती बाल्न आगोको प्रयोग गरिन्छ । पोखरामा शनिबार 'पोखरा भ्रमण वर्ष' कार्यक्रम उद्घाटनमा पनि विद्युतीय रिमोट कन्ट्रोलबाट पानसमा बत्ती बालियो । उक्त बत्तीको झिल्काका कारण उडाउन ठिक्का पारिएका बेलुनमा एक्कासि आगलागी भयो ।

बेलुन उडाउन अर्थमन्त्री विष्णु पौडेल र पोखराका मेयर धनराज आचार्यले हातमा समातेर तयारी अवस्थामा थिए । बेलुनमा आगलागी हुनसाथ त्यसभित्र भएको ग्यास एकैसाथ बल्यो । जसकारण अर्थमन्त्री पौडेल र मेयर आचार्य तातो हावा र आगोको लप्काले जल्न पुगे । बत्तीकै कारण नेपालमा बर्सेनि आगलागीदेखि जलनका घटना भइरहन्छन् । प्रविधिको फड्कोले विकास अघि बढेसँगै विद्युतीकरणका कारण पनि आगलागीका घटना नभएका हैनन् ।

यस्ता घटनाहरूका कारण जलन बढेकै कारण सरकारले यस प्रकारका दुर्घटनाका बिरामीलाई निःशुल्क उपचार गर्ने व्यवस्थासमेत गरेको छ । यद्यपि यस्तो घटनाका बिरामीलाई उपचार गराउन डेडिकेटेड अस्पताल छैन । कीर्तिपुर बर्न अस्पताललाई विस्तार गर्ने योजना कार्यान्वयनमा आएको छैन । यस्ता घटना जब ठूला मानिसहरूलाई हुन्छ तबमात्र सरकारको ध्यान आकर्षित हुने गर्छ । यसअघि सांसद चन्द्र भण्डारी ग्यास विष्फोटमा परी घाइते भएका थिए । ठीक दुई वर्षअघि काठमाडौंको शंखमुलमा भएको घटनामा परी भण्डारीको आमाको निधन भएको थियो भने उनलाई उपचारका लागि भारत लगिएको थियो । सरकारले उक्त घटनाको भोलिपल्ट नै नेपालमा जलन अस्पताल बनाउने निर्णय गरेको थियो । तर उक्त निर्णय कता पुग्यो केही थाहा छैन ।

तातोपानीका कारण, एसिडका कारण पनि जलनका घटना हुन्छन् । ग्यास विष्फोट, विद्युत् सर्ट हुँदा पनि यस्ता दुर्घटना हुन्छन् । अझ पछिल्लोसमय बेलुन भरेर पड्काउने, जन्मोत्सवमा फायर वर्क गर्नेजस्ता कार्यहरू पनि बढ्दो छ । यस्ता बेलुनमा हिलियम, हाइड्रोजनजस्ता ग्यास भरिएका हुन्छन् । ती निकै प्रज्वलनशील हुने भएकोले यो उडाउनु वा प्रयोगपूर्व पूर्वतयारी र सामान्य जानकारी दिने काम गरिन्न । यस्ता घटनाहरू कुनै जानीजानी कुनै अञ्जानबस हुने गर्छ । यस्तै घटनाका बिरामीलाई उपचार गराउन सरकारले जलन उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको हो । तर सरकारले यो निर्णय कार्यन्वयनका लागि कुनै तदारुकता देखाएको छैन । छिट्टै पूर्वतयारी र जलन अस्पताल निर्माण कार्य अघि बढोस् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारमा जानेले घरपरिवारलाई छोड्नुपर्ने कागजातहरू

उल्लिखित कागजातहरू घरपरिवारको साथमा छोडेमा विदेशमा रहँदाका बखत कुनै समस्यामा परेमा समस्याबाट छुट्कारा पाउनका लागिसहयोगी हुने छन् । साथै, उक्त कागजातको सहायतामा कामदारको उद्धार गर्न सम्बन्धित निकाय तथा परिवारलाई समेत मद्दत पुग्ने छ । रोजगारीका लागि विदेश पुगिसकेपछि उपरोक्त बमोजिमका सम्पूर्ण कागजातका एक/एक प्रति आफ्नो साथमा राख्नका लागि स्वदेशमा नै रहँदा बन्दोबस्त मिलाउनुपर्दछ । विदेशमा रहँदा, घुम्न निस्कँदा वा जुनसुकै अवस्थामा पनि आफ्नो परिचय खुल्ने पासपोर्ट वा परिचयपत्र (आइडिकार्ड) सधैं साथमा राखिरहनु पर्दछ । अन्यथा प्रहरीले कुनै पनि बेला पक्राउ/सोधपुछ गर्न सक्दछ र हैरानी खेप्नुपर्ने हुनसक्छ ।

- पासपोर्ट (राहदानी) को प्रतिलिपि
- मेडिकल रिपोर्ट (स्वास्थ्य परीक्षण प्रमाण)को प्रतिलिपि
- भिसा (प्रवेशाज्ञा) को प्रतिलिपि
- अभिमुखीकरण तालिम प्रमाणपत्रको प्रतिलिपि
- देशगतरूपमा प्रहरी प्रतिवेदन आवश्यक भएमा त्यसको प्रतिलिपि
- इन्स्योरेन्स पोलिसी (बिमा अभिलेख) बिमा गरिएको कागजातको प्रतिलिपि
- वैदेशिक रोजगार कल्याणकारी कोषमा जम्मा गरेको रकमको रसिदको प्रतिलिपि
- करारनामाको प्रतिलिपि
- लेबर पर्मिसन स्टिकर (श्रम स्वीकृति) को प्रतिलिपि
- हवाई टिकटको प्रतिलिपि
- नागरिकता (नागरिकताको प्रतिलिपि आफ्नै साथमा राख्नुपर्दछ । सम्बन्धित म्यानपावर कम्पनीको नाम, ठेगाना र सम्पर्क नम्बर, आदि) ।

**सीप तालिम लिंदाका फाइदाहरू**

वैदेशिक रोजगार बोर्डको सचिवालय, अन्य सरकारी एवं विभागबाट इजाजत प्राप्त सीप तालिम प्रदायक संस्था लागयतबाट सशुल्क/निःशुल्क रोजगारमूलक सीप तालिम सञ्चालन हुने गर्दछ । सीप तालिम लिएर वैदेशिक रोजगारीमा जाँदा निम्न फाइदा हुन सक्छ । गुणस्तरीय काम पाइन्छ ।

- तलब, सुविधा वढी हुन्छ
- सुरक्षित र मर्यादित काम गर्न पाइन्छ
- वैदेशिक रोजगारको सिलसिलामा हुने ठगीवाट वच्न सकिन्छ
- आफ्नो सीपमा पूर्णता आउँछ
- धेरै समय विदेसिनु पर्दैन
- परिवार, आफन्तले विदेशमा गर्ने काममा बढी चिन्तित हुन पर्दैन
- वैदेशिक रोजगारमा आउने जोखिम कम हुन्छ
- स्वदेशमै रोजगार वा स्वरोजगार हुन सकिन्छ ।

# चार सभ्यता केन्द्रलाई बुझाउने नीलसरस्वती महोत्सव



■ पदम श्रेष्ठ

> मल्लकालमा निर्मित नन्दीकेशर महादेवस्थल राणाकालमा व्यवस्थापन भएको हो । करिब चार रोपनीमा फैलिएको महादेव मन्दिर गुम्बज आकारबाट हालै तीन तले प्यागोडा शैलीको मन्दिरमा पुनर्निर्माण भएको छ । नन्दिकेश्वर महादेवस्थलको चारैतिर दिवा र रात्रिकालीन स्कुल छन् भने मन्दिरकै नाउँमा काठमाडौं महानगरपलिकाका मेयर केशव स्थापितको पालामा नन्दिकेशर खुला पार्क निर्माण भएको छ । पाटनको नाग वहालको शिला मूर्ति साँढे कराएमा नन्दिकेशर वहालस्थित साँढेको पनि पूजा गर्नुपर्ने परम्परा छ ।

नर देय् अर्थात् हाडीगाउँ, सँखोना अर्थात् नीलसरस्वतीथान, नवसागर वा नक्साल र ठमेल अर्थात् थवहिललाई लिच्छविकालीन राज्य शंकश्यनगरी विशालनगर सभ्यताको चार ऐतिहासिक वस्तीहरूको केन्द्र मानिन्छ । यही वास्तविकतालाई उजागर गर्दै जाने उद्देश्यबाट नीलसरस्वतीस्थान र नक्साल क्षेत्रको पहिचानसहित माघ २० र २१ गते दुईदिने पहिलो महोत्सव आयोजना गरियो ।

आगामी वर्षमा वसन्त महोत्सव, शिवरात्री विशेष र होली कन्सर्टसमेत गर्दै शंकस्यनगरीको पहिचान उजागर र पर्यटन प्रवर्द्धनसमेत गर्नेगरी टुकुचा टोल सुधार समितिका अध्यक्ष प्रवीण श्रेष्ठको संयोजकत्वमा महोत्सव आयोजना भएको हो । महोत्सव पहिलोपटक आयोजना गरिए पनि उत्साहजनक जनसहभागिता थियो । यसलाई आगामी वर्षदेखि व्यवस्थितरूपमा प्रवर्द्धन गर्दै लाने स्थानीयको प्रतिबद्धता छ ।

### नक्साल भगवती र नवसागरस्थल

अष्टमातृका पीठमध्ये एक हो नक्साल भगवती । भनिन्छ-लिच्छविकालमा पलाञ्चोक भगवतीको मूर्ति बनाउने कलाकारको दायाँ हात काटिएपछि यो मूर्ति बाँया हातले निर्माण गरिएको हो । नेपाल सम्पदा संघका अनुसार ने.सं. ८०१ मा जीर्णोद्धार भएको तीनतले प्यागोडा शैलीको धातु छाने मन्दिर छेउ सानो चैत्य, महादेव, गणेशका मूर्ति तथा भजनगृह छ । यहाँ विजयादशमी, सिथीनखः पर्वमा र ाँगा, हाँस, कुखुरा बलि दिई पुजिन्छ । दसैंमा राष्ट्रप्रमुखबाट दर्शन हुने शक्तिपीठहरूमध्ये नक्साल भगवती मन्दिर भित्तामा मसानको प्रतीक ख्याक, कवँ, किचकन्या, भुतप्रेतका प्रतीक चित्र कोरिएका थिए ।

### शंकरकीर्ति महाविहार (नक्सालवही):

एक समय मातृसत्तात्मक सत्ताका पक्षधर अमर बाँडा र शक्तिका विरोधी शंकराचार्यबीच ठूलो विवादमा नक्सालस्थित बुद्ध विहारमा भएको र शास्त्रार्थमा अमर बाँडाले नीलसरस्वतीको अदृश्यसाथ दिएका थिए रे । शास्त्रार्थमा शंकराचार्यले जति तर्क दिए पनि हराउन नसकेपछि हिंसामा उत्रिएका थिए रे शंकराचार्य । भनिन्छ, यही नक्साल विहार बाट बौद्धस्थल ध्वस्त गर्न थालिएको स्थानीयहरू आख्यान हाल्छन् । ध्वस्त विहारलाई शंकरकीर्ति विहार भनियो । एक समय यो बुद्ध विहार चारैतिर नौ वटा पोखरीले घेरिएको थियो, वर्तमानमा कमलपोखरी, नागपोखरी, टंगाल पोखरीको अस्तित्व बाँकी रहेको छ भने मचापुखु घरैघरले पुरिसकेको छ ।

### नन्दीकेशर बहाल

मल्लकालमा निर्मित नन्दीकेशर महादेवस्थल राणाकालमा व्यवस्थापन भएको हो । करिब चार रोपनीमा फैलिएको महादे व मन्दिर गुम्बज आकारबाट हालै तीन तले प्यागोडा शैलीको मन्दिरमा पुनर्निर्माण भएको छ । नन्दिकेश्वर महादेवस्थलको चारैतिर दिवा र रात्रिकालीन स्कुल छन् भने मन्दिरकै नाउँमा काठमाडौं महानगरपलिकाका मेयर केशव स्थापितको पालामा नन्दिकेशर खुला पार्क निर्माण भएको छ । पाटनको नाग वहालको शिला मूर्ति साँढे कराएमा नन्दिकेशर वहालस्थित साँढेको पनि पूजा गर्नुपर्ने परम्परा छ ।

### नारायणचौर र साइबाबा केन्द्र

लिच्छविकालीन नारायण मन्दिरकै चौरमा ने.सं. १०१७ मा केन्द्रीय साई परिषद् स्थापित छ । वैदिक, बौद्ध, जोरास्टर, क्रिस्चियन, मुस्लिम, वहाई, जैन, सिखको लोगो स्वरूपमा सत्य साई केन्द्र क्रियाशील छ । प्रवचन हल, सेवा कक्ष, स्वास्थ्य केन्द्र समेटेर चारतले भवन आकर्षक बगैंचासहितको छ । दक्षिण भारतमा ने.सं. १०४७ मा जन्मिएका साईबाबा नयाँ धर्म प्रादुर्भाव गर्न नभई धर्म शुद्धीकरणका लागि ईश्वर ीय आत्मा भएको बताउँछन् । मानव शरीर बेग्लाबेग्लै भए पनि आत्मा एकै हो भन्ने सन्देशलाई सर्वव्यापी बनाउन ने.सं. १०९४ सेप्टेम्बर १५ मा धनबहादुर रानाले भैरहवामा साई केन्द्र स्थापना गरे । लगतै बागबजार, पोखरा, धरान, बुटवल, झापाहुँदै ६४ केन्द्र छन् भने विश्वका १४६ राष्ट्रमा एक हजार ७५२ केन्द्र छन् ।

### कमलपोखरी र अग्रवाल भवन

३० रोपनीमा फैलिएको कमलपोखरी नक्साल नामकरण गर्ने नौवटा पोखरीमध्ये एक हो । हाल पोखरीमा माछा पाल्ने, डुंगा चलाउन पुग्नेहरूका लागि स्वर्गको बगैंचा अनुभूति भइरहेको छ । काठमाडौं महानगरपालिकाको लगानीमा ने.सं. ११४२ चैत फागुपूर्णिमाको अवसरमा उद्घाटित कमलपो खरी वरिपरि सातवटा भगवान् बुद्धको चिवा चैत्य, चार कुनामा चार नेवार कलायुक्त फल्चा पाटी र बगैंचाले पोखर ीलाई आकर्षक तुल्याएको छ । नजिकै अग्रवाल भवन छ । मारवाडी समुदायका प्रवर्द्धक अग्रसेन महाराजको मूर्तिसहित सभास्थल छ, यहाँ । मारवाडी व्यापारका हस्ती बन्न अग्रसे नको योगदान रहेको छ । अग्रवाल भवनलाई कमलपोखरीले सुनमाथि सुगन्ध छरिदिएको छ ।

### नागपोखरी

नक्साल नामाकरण गर्ने नौ पोखरीमध्ये एक हो, नागपो खरी । प्रत्येक वर्ष नागपञ्चमीको दिन विशेष पूजा हुने गर्दछ यहाँ । करिब सात रोपनीमा फैलिएको नागपोखरी नागका अलावा ने.सं. १०१५ मा सन्तोषीमाताको मन्दिर छ । उपत्यकामा वज्रयान बौद्ध परम्परानुसार १२ नाग तीर्थ छन् । नागपञ्चमीमा घरको मूलढोकामा नागको चित्र टाँसेर श्रद्धाभक्तिपूर्वक पूजा गरिन्छ । उपत्यका मञ्जुश्रीले नागवंशको सम्मानार्थ टौदह र ललितपुरको धापाखेलमा पोखरी सुरक्षित गरी बस्ती बसाएको आख्यान छ । यस्तै भक्तपुरको सिद्धपोखरी पनि नागवंशीबारे महिमा भएको पो खरी मानिन्छ । मेलामा आउनेहरूका लागि बोट चलाएर पनि मनोरञ्जन गर्ने गरेको पाइन्छ ।

### महावीर जयन्ती

शान्ति, अहिंसा र सदाचारका सन्देशबाहक एकै युगका तीन महापुरुष गौतम बुद्ध, कन्फचसियसजस्तै जैन धर्मगुरु महावीर पनि हुन् । चैत्र शुक्ल त्रयोदशीका दिन जैनहरूमा महावीर जयन्ती मनाइन्छ । भगवान् बुद्ध र जैन महावीर बाहिरी आँखाले छुटचाउन नसके पनि बुद्धलाई पद्मासनमा शरीर ढाक्ने चिवरमा देखिन्छ भने महावीर सादा पलेटी कसेर वस्त्रविहीन देखिन्छ । परापूर्वकालमा जैनधर्मलाई आहर्त धर्म भनिन्थ्यो । आहर्त धर्मका संस्थापक तीर्थङ्कर ऋषभदेव हुन् । भगवान् ऋषभदेवका ज्येष्ठ पुत्र सम्राट भर तको नाउँबाटै हिन्दुस्तानको नाउँ भारत रहेको हो । चौबीसौं तीर्थङ्कर नारी देह मल्लिनाथको जन्म मिथिलापुरी जनकपुर नेपालमा र महावीर (गौतमबुद्ध समकालीन) को जन्म ने पालकै बारा सिम्रौनगढमा भएको दाबी गरिन्छ ।

### नेपालमा जैन धर्म

जैन धर्मको नेपालमा त्यति प्रभाव नरहे पनि जैन धर्मसँग आख्यान जोडिएको बौद्ध चैत्य काठमाडौंको नःघलस्थित श्रीघः चैत्यलाई मानिन्छ । हाल श्रीघः चैत्यलाई बौद्ध चै त्यका रूपमा काठेसिम्बू नाउँले पूजिन्छ । तर विगत ४० वर्ष अघिदेखि २०४५ सालमा स्थापित भगवान् महावीर जैन निकेतन सभाकक्ष, अतिथि भवन, व्यापारिक कम्प्लेक्ससहित निर्माण भएका छन् ।

हाँडीगाउँ नरदे र मालिगाउँ माग एकै सभ्यतास्थल

माटोको भाँडा हाँडी बनाउने प्रजापती बस्ती हाँडीगाउँलाई नेपाल भाषामा नरदे र सँगैको मालीगाउँलाई मागः भनिन्छ नेपाल भाषामा । कथनअनुसार कीर्तिपुर नरगोवासीलाई बाघले सताएछ । ज्योतिषको सल्लाहअनुसार, कीर्तिपुरमा बाघभैरव थापना गरेपछि पनि सताउन नछाडेपछि हालको ठाउँमा बसाइँ सरेको बताइन्छ । पछि सोही ठाउँलाई नै नर गोबासी कीर्तिपुरेहरूले नरदे भन्न थालिएको हो । भनिन्छ, र ाजा मानदेवको राजप्रसाद मानगृह र अंशुवर्माको कैलाशकुट भवन मालीगाउँभित्रै भग्नावशेषको रूपमा रहेको छ । हाँडीगाउँ डबली संवत् ४७२ लिच्छविकालीन अभिलेख मानी रुद्रमती (धोबीखोला) छेउमा उत्तर टुँडालदेवी र धुम्बाराही, मैतीदेवीको अष्टमातृका पीठसहित नरदे हाँडीगाउँ बसाइएको बताइन्छ ।

सत्यनारायण मन्दिर र ढुंगेधारा

हाँडीगाउँ सरस्वतीस्थान सम्वत् ४७२ को शिलाले खबाट ढुंगेभन्याङ ओर्लिएर धोबीखोलातर्फ ढुंगेधारासहितको सत्यनारायण मन्दिर रहेको छ । नारायण मन्दिर अगाडि ठडिएको ढुंगेस्तम्भ नै नेपालभित्रै बौद्धहरूलाई गाली गरि एको एकमात्र प्रतिमास्थल पनि हो । त्यसैगरी यस क्षेत्रका ऐ तिहासिक सम्पदा क्षेत्रहरूमा निम्न रहेका छन्-

षड्मुखा भगवती मनमानेश्वरी

टंगाल पोखरी नजिकै मानेश्वरी मन्दिर भूइँतले आकृतिमा थडिएको छ । गोपालराज वंशावलीअनुसार राजा मानदेवका कुलदेवता हुन् यी । मन्दिरभित्र शिवलिंगजस्तो ठूलो शिलामूर्तिलाई मानेश्वरी भगवतीको रूपमा पुज्ने गरे को पाइन्छ भने गहना खोज्ने जात्रामा पनि माखः भन्दै दे वीकै रूपमा जात्रा गर्ने गरिन्छ । राजा अंशुवर्माको संवत् ३२ को अभिलेखमा देवीलाई ३ पुराण र १ पण छुटचाउनुले लिच्छविकालमा मानगृहकै आगमदेवताको भग्नावशेष प्रमाणित हुन्छ ।

### भाटभटेनी (मोपता अजिमा)

हाडीगाउँकी टुँडालदेवीपछि छोरी भाटभटेनी (मोपता) को स्थान उच्च छ । दुईतले धातुछाने भाट र भटेनी झुण्डयाइएकैमा पुजिन्छ आज पनि । कथनअनुसार, टुँडालदे वी (तोण अजिमाँ) पोडेसँग विवाहपछि दुई छोरीहरूलाई मो पता अजिमाँ (भटेनी) र माख (महालक्ष्मी) भए । महालक्ष्मी मानेखटले नक्सालमै घरबार गरे पनि भटेनीलेचाहिँ भाट पुरूषलाई घरज्वाइँ राख्न हाँडीगाउँ ल्याइन् । बच्चालाई ते ल लगाएर घाममा सुताएका बेला चीलले टिपेर लगे छ । भनिन्छ, बच्चा लिन उडेको दृश्य नै भाटभटनी हुन् ।

टुँडालदेवी (तोर्ण अजिमाँ)

विशालनगरकी पुज्यदेवी हुन्- टुँडालदेवी अर्थात् तोर्ण अजिमाँ । जुन शंखस्यनगरीबासीको दाहसंस्कार गने शक्तिपीठ पनि । तीनतले प्यागोडाशैलीको टुँडालदेवी, इच्छुमती र खहरेखोलाको दोभानमा छ । ने.सं. ८५४ मा र ाजा जगतजय मल्ल, ने.सं. ८३४ मा राजा भास्कर मल्लको राज्यकालमा जीर्णोद्धार भएको मन्दिरछेउ भैरव मानेर पुज्ने संवत् ३९७ र संवत् ८५४ का अस्पष्ट अक्षरका शिलापत्र छन् । धर्मशालामा राँगाको सिंह चढाइनुले देवी तान्त्रिक मानिन्छ । ल्हुतिपुर्णिमामा हाँडीगाउँ टंगालपोखरीको गहना खोज्ने जात्रामा टुँडलदेवीको विशेष गहना खोज्ने जात्रा हुने गर्दछ ।

### धुम्बाराही

'धुं' ले बाघ र 'बाराही'ले रक्षक देवता जनाउँदछ । बाघजस्तो धुम्बाराही उपत्यकामा चारबाराही ललितपुरको बज्रबाराही, भक्तपुरको जिनबाराही, मध्यपुरको नीलबाराही र कान्तिपुरको धुम्बाराही १२ रोपनीमा फैलिएको छ ।

### ज्ञानेश्वर महादेव, शान्त भैरव र सिख मठ:

शंकस्यनगरीको अन्तिम पूर्वी सिमाना ज्ञानेश्वर महादे वको मन्दिर तीनतले प्यागोडाशैलीमा छ । स्वस्थानीमा उल्लिखित ६४ लिंगे महादेवमध्ये एक छाना धातुयुक्त र टुंडालमा सम्भोगरत कलाकृति छन् । दुई रोपनी ढुंगे चो कबीच ने.सं. ९४३ मा दैवज्ञराज लक्ष्युमन भारोद्वारा स्थापित मन्दिरको दक्षिणतर्फ उन्मूक्त भैरवको ढुंगेमूर्ति छन् । जहाँ निसन्तानले भाकल गर्ने गर्दछन् । कथनअनुसार शिखधर्मका संस्थापक गुरू नानक ने.सं. ६३८ मा तेस्रो उत्तराखण्डको यात्रा गर्दै नेपाल प्रवेश गर्नुहुँदा ज्ञानेश्वर सन्यासीस्थानमा बसी शिखमठ स्थापना गरे । शिख मठमा सन्यासी ज्ञाने श्वर महादेवमा भट्ट ब्राह्मण र भैरवस्थानमा कर्माचार्य ने वार पुजारी रहन्छ ।

### मयतिदेवी (मैतीदेवी)

अष्ठमातृका पीठमध्ये एक मैतिदेवी अजिमामा पाँचवटा बुद्ध चैत्य रहेकोले पञ्चकुमारी पनि भनिन्छ । नेपाल सम्वत्को पहिलो दिन म्हपूजामा मैतीअजिमाँ, गणेश र महालक्ष्मीको खटजात्रा मुनिकार खलःको नेतृत्वमा हुने चलन छ । मूलरूपमा मालिगाउँ थनेका मू स्वां रोप्ने मुनिकारलाई सिनामू खलः र कोनेतर्फका मुनिकार, जो कनास्वाँ रोप्दछन् लाई कनाः मू खलः भनिन्छ ।

सिनामू खलःले मैतीदेवीको जात्रा गर्ने गर्दछन् भने कनाःमू खलःपचली भैरव पीठसँग सम्बन्धित छ । कुविद्याका रक्षक मैतीअजिमाँको ने.सं. ४८ मा निर्माण र ने.सं. ६५० मा जात्रा थालिएको कथन छ । हाल रूद्रमती बानेश्वरतर्फ छ भने मसानमा अहिले पनि शव जलाइन्छ । सादा ढुंगा पुजिने पीठ, पित्तलको छानायुक्त मन्दिरको चार कुनामा चार धातु सिंह र स्वयम्भू चैत्य भैरव छन् । मन्दिर ३३ रोपनीको गुठीमा स्थापना छ ।

### सँकोनाकी नीलसरस्वती

सँकोनास्थित नील सरस्वतीलाई मञ्जुश्रीकी अर्धांगिनी मानिन्छ । भनिन्छ, काठमाडौं उपत्यकाको विशाल पानीको तलाउ चीनको ल्हासाबाट वर्तमानको साँखु नगरकोट वा ल्हासाको क्षेत्रमा विचरण गरी उपत्यकाको पानीलाई कसरी बाहिर पठाउने भनी निर्क्योल गर्दा सरस्वतीको विशेष हात थियो । नेपाल भाषामा तिब्बतलाई सँदेय् अर्थात् सँय् भोते हरूको बस्ती भनिन्छ । साँखुलाई सक्व अर्थात् सँ देशको तल्लो तह सक्वबाट आएकाहरूले लिच्छविकालमा बसाएको बस्तीलाई सँखुना भनिएको भनाइ छ । उनै देवीको साधना गरी नक्साल विहारका अमर बाँडाले नारी शक्तिका विरोधी शंकराचार्यलाई शास्त्रास्त्रमा हराएका थिए । श्रीपञ्चमीमा भक्तपुरको ल्हासापाको, स्वयम्भू मञ्जुश्रीस्थान, ललितपुर ले लेजस्तै यहाँ पनि मेला लाग्दछ, शिक्षा आर्जनमा सफलताको कामना गर्दै । लिच्छविकालीन राज्य शंखस्यनगरी विशालनगर को अन्तिम सिमाना नीलसरस्वतीस्थान, टुकुचा खोलाछेउ स्थापित गुम्बज शैलीको मन्दिर १४औं शताब्दीमा निर्मित मानिन्छ । जहाँ, धेरैजसो विद्यार्थीहरू परीक्षामा, विदेश पढ्न जाँदा दर्शन गर्न पुग्दछन् ।

### श्वेत्काली भगवती मन्दिर र धोवीचौरस्थित मानदेवकालीन महादेव

नीलसरस्वती नजिकै धोवीचौरस्थित लिच्छविकालीन महादेव मन्दिर पनि एक हो । लुगा सुकाउने चौरबीच शिवलिंगको पादपीठमा उल्लिखित सम्वत् ३८९ र ३९० ले यस क्षेत्रको पुरातत्त्वलाई उजागर गरेको छ । मन्दिर राजा मानदेवले आमाको इच्छामुताविक निर्माण गराएको भनाइ छ । जहाँ लुगा धुने चौर र शिलारुपि चामुण्डा अष्टमातृकामध्ये एक पनि छ ।

### लाजिम्पाटस्थित दयाश्वर महादेवस्थल

दुस्तआत्मा विचरण गरी हिंड्ने ठाउँ लछिपट नै नेपाल भाषामा अपभ्रंस भई लाजिम्पाट भन्न थालिएको हो । यही दुस्तआत्मालाई दबाउन स्थापित शिवस्थल हो, दयाश्वर महादेव । आधा रोपनीको क्षेत्रफलभित्र चर्चिएको देवस्थल मल्लकालमा संरक्षित मानिन्छ । मन्दिरभित्र, भजनगृह, यज्ञस्थल, सप्तर्षि, बुद्धका मूर्तिसहितको छ भने शिवरात्री, तीज, साउने सोमबार मेला लाग्छ यहाँ ।

### रानीबारी: पोर्पा अजिमाँ

लाजिम्पाटस्थित रानीबारीलाई नेपाल भाषामा पो र्पा अजिमाँका नाउँले पुकारिन्छ । करिब १० रोपनीको थुम्कोमाथि रानीदेवीको सादा शिलाको मन्दिर रहेको छ । जहाँ ज्यापु समुदायको देवाली पूजा हुने गर्दछ । मन्दिर सामाखुसी नदी किनारमा अवस्थित रहेको छ । जंगलमा विवाह, ब्रतबन्ध तथा पिकनिकसमेत हुने गर्दछ । यहाँ असो ज महिनामा क्षमापूजा हुने गर्दछ ।

### शंकस्यनगरी

मानदेव प्रथमद्वारा आफ्नै पिता धर्मदेव हत्याको साक्षी नारायणहिटी राजदरबारमा ने.सं. १११३ (२०५८) जेठ १९ गते राति ९:१५ बजेको राजपरिवार हत्याकाण्डले राष्ट्रलाई नै किकर्तव्यविमुढ बनाइदिएको थियो । शक संवत् ३८६ दे खि ४२७ सम्म राजगद्दी सम्हालेका मानदेव प्रथमले पनि अञ्जानमा नारायणहिटीमा नै आफ्ना पिता धर्मदेवको हत्या गरी रक्तरञ्जित तुल्याएको आख्यान पाइन्छ । ने पाल वंशावलीअनुसार देशमा खडेरी परी ढुंगेधारा, नदी, पो खरी सुक्दा जनता आकुलव्याकुल भएछन् । ज्योतिषले ३२ लक्ष्यणयुक्त व्यक्तिको बलि दिए पानी आउने बताएछन् । र ाजाले देश रक्षार्थ राजकुमारलाई आदेश दिए कि भोलि बिहानै काग कराउनुअघि नारायणहिटीमा सेतो कपडाले ढाकिएको डल्लो हुने छ, दुई टुक्रा गरी काटिदिनू । आदेश पालन त गरे तर काटिएको वस्तु स्वयं धर्मदेव थिए । पछि थाहा पाएका मानदेव प्रथमले पापमोचनार्थ बज्रयोगिनीको ध्यान गरी दे वीको आज्ञाअनुसार कश्यप बुद्धको अस्थि राखी बौद्ध स्तूप बनाए भन्ने लोकोक्ति प्रसिद्ध छ । पिता हत्याको पापमोचनार्थ स्तूप त बनाए तर नारायणहिटीले पापीको अनुहार नहेर्न उल्टो फर्किएको आख्यान छ ।

अनुसन्धानकै विषय भए पनि नारायणहिटी दरबार वीर शमशेरद्वारा राजा पृथ्वी वीरविक्रम शाहको जन्मोत्सवमा उपहार प्रदान गरिएको मानिन्छ । ने.सं. ९६७ मा जंगबहादुर का भाई रणोद्दीपका लागि बनाएको दरबारमा हाल संग्रहालय र गणतान्त्रिक टावर छ । स्वर्गीय राजा महेन्द्रबाट नारायणहिटी प्रयोग हुँदै आएको थियो । राजा प्रताप मल्लद्वारा ने.सं. ७६९मा निर्मित शिखर नारायण मन्दिर र लिच्छविकालीन हिटी ढुंगे धाराको संयुक्तस्वरूप नारायणहिटी हो । यसै दरबारभित्र र ाजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, अधिराजकुमार निर ाजन र अधिराजकुमारी श्रुतिसहित राजपरिवारको हत्याले धर्मदे वकालीन हत्याकाण्डले माथ खाएको थियो । जहाँ मल्लकालीन शिखरशैलीको नारायण मन्दिर पनि रहेको छ ।

### थँवहिल-ठमेल

नेपाल भाषामा 'थँ'को अर्थ माथिल्लो र 'वहि'ले बिहार जनाउँदछ । त्यसैले विक्रमशील महाविहारलाई थँवहिल अर्थात् माथिल्लो विहारलाई ठमेल भनियो । ने.सं. १०६ ताका कान्तिपुर बसाउँदा ठमेल छुट्टै बस्ती थियो । काठमाडौं नगर लाई ठँहिटी क्वाःवहालदेखि असन माछा देवतासम्म थथुपुँई, माछा देवतादेखि मखनसम्म दथुपुई, मखनदेखि मरूसत्तल (काष्ठमण्डप) सम्म लायक्पुँई र मरूसतःदेखि यँगालसम्म क्वथु पुँई गरी चार एकाइमा वर्गीकृत थियो । चार पुँईभित्र १८ महाविहार र शाक्यहरूको १६ बुद्ध विहार छन् । तर प्रधानहरूको यो थँवहिल बुद्ध विहार, बज्राचार्य समुदायको दे आचार्य गुथिसंग पनि सम्बन्धित छैन ।



**साखिया नाच** | जिल्ला खेलकुद विकास समिति इलामको आयोजनामा माई नगरपालिका–२ सितलीमा आइतबार १५औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता उद्घाटन कार्यक्रममा थारु जातिको साखिया नाच प्रस्तुत गर्दै स्थानीय महिला कलाकार । *तस्बिरः रामकुमार लिम्बू/रासस*

# डोरीमा झुण्डिएर यात्रा गर्नुपर्ने बाध्यता

**म्याग्दी-** म्याग्दीको रघुगंगा गाउँपालिका-७ मा रहेको धौलागिरि आधार शिविर पुग्न डोरीमा झुण्डिएर जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता छ ।

कोखेभिर र धौलागिरि भ्यु प्वाइन्ट हिलमा जोखिम मोलेर अक्करे भिर पार गर्न डोरी र खरको गाँजको साहरा लिनुपर्छ । कोखेभिरमा ५० मिटर र धौलागिरि भ्यु प्वाइन्टमा करिब १०० मिटरमा रसी र खरको गाँज समाएर यात्रा गर्नुपर्ने समस्या रहेको हालै धौलागिरि आधार शिविर पुगेर फर्किएका पोखराका पर्यटन व्यवसायी तारा गर्बुजा पुनले बताए ।

‘बेनी-चिमखोला-घ्याँसीखर्क हुदै सुगुरथलासम्म राहुघाट र सहायक नदीहरूमा निर्माणाधीन जलविद्युत् आयोजनाले बनाएको सडकमा चार घण्टा सवारीसाधनमार्फत पुग्न सकिन्छ,’ उनले भने, ‘कोखेभिर र धौलागिरि भ्यु पोइन्टमा पदमार्ग नहुँदा धौलागिरि आधार शिविरमा पर्यटक पुग्न सकेका छैनन् ।’

दुई ठाउँमा पदमार्ग र राहुघाट नदीको केही ठाउँमा अस्थायी साँघु अथवा स्थायी प्रकृतिका झोलुंगे पुल बनाउन सकेमा छोटो दूरीमा पुगिने धौलागिरि आधार शिविर नयाँ पर्यटकीय गन्तव्यको रूपमा विकास हुने सम्भावना रहेको गर्बुजाले बताए । भारतीय सेनामा कार्यरत चिमखोलाका ललित गर्बुजाको अगुवाईमा मण्डली युवा क्लवका पदाधिकारी, पर्यटन व्यवसायी र सञ्चारकर्मीहरूको टोली गत माघ महिनाको अन्तिम साता समुद्री सतहदेखि चार हजार ५० मिटर उचाईमा रहेको आधार शिविरमा पुगेर फर्किएको थियो । पदमार्ग र राहुघाट नदीको पाँच ठाउँमा झोलुंगे पुल बनाउन सकेमा सुगुरथलादेखि छ घण्टा पैदलयात्रा गरेर आधार शिविरमा पुग्न सकिने गर्बुजाले बताए । टोलीले पदमार्ग, पुल बनाउन र संकेत चिह्नहरू राख्न वडाका जनप्रतिनिधिहरूलाई सुझाव दिएको छ ।



धौलागिरि हिमालको फेदमा पुगेर चुचुरोसम्मै नजिकबाट नियाल्न पाउनु आधार शिविरको प्रमुख आकर्षण हो । सुन छहरा, निलिबराह र कालीबराहलगायत तालको पनि अवलोकन गर्न सकिन्छ । यो पदमार्ग भएर स्थानीयबासीहरू वैशाख-जेठ महिनामा यार्सागुम्बा संकलनका लागि धौलागिरि आधार शिविर क्षेत्रमा जान्छन् ।

पर्यटन मन्त्रालयको एक करोड ५४ लाख रूपैयाँको लागतमा ससलधारादेखि आधार शिविर जोड्ने १८ किलोमिटर पदमार्ग निर्माण योजना आर्थिक वर्ष २०७९/८० मा सुरु भएर २०८०/८१ मा सकिएको थियो । उक्त योजना सर्वेक्षणका क्रममा भिरलाई छुटाइएकाले त्यहाँ पदमार्ग निर्माण हुन नसकेको रघुगंगा गाउँपालिका-७ का वडाध्यक्ष थकप्रसाद पाइजा (रिम)ले बताए ।

‘जहाँ अप्ठेरो थियो, त्यहाँ पदमार्ग नबनेपछि हामीले प्रदेश र संघीय सरकारसँग थप बजेटको माग गरेका छौं,’ उनले भने, ‘कम्तीमा अक्करे भिरमा डोरीको सहायताले हिँड्नुपर्ने ठाउँमा सुरक्षित पदमार्ग बनाउन सक्यौं भने आइसफल पदमार्ग र आधार शिविर क्षेत्रमा पर्यटक बढ्ने छन् ।’

वडाध्यक्ष पाइजाका अनुसार यो वर्ष कालीबराह-धौलागिरि आइसफल पदमार्ग निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट २० लाख रूपैयाँ र नेपाल पर्यटन बोर्डले पाँच लाख रूपैयाँ बजेट विनियोजन गरेको छ । बेनी-जोमसोम सडक निर्माण भएपछि तत्कालीन जिल्ला विकास समिति म्याग्दीको अगुवाइमा वि.सं. २०६८ मा गलेश्वरदेखि मुस्ताङको लेते निस्कने धौलागिरि आइसफल पदमार्गको अध्ययन र पहिचान भएको थियो ।

म्याग्दीको पिप्ले, भगवती, बेगखोला, दग्नाम, चिमखोला, कुईनेमंगले, दोबालगायत ठाउँको उच्च पहाडी डाँडाको धुरी हुँदै मुस्ताङको लेते पुग्ने १२२ किलोमिटर दूरीको धौलागिरी आइसफल पदमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) गरेर पूर्वाधार निर्माणका लागि प्रदेश र संघीय सरकारमा पेस गरेको रघुगंगा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताए ।

आइसफल पदमार्गअन्तर्गत धौलागिरि आधार शिविर, निलीबराह ताल, कालीबराह ताल, सोवाङधुरीलगायतका दर्जनौं पर्यटकीय गन्तव्य छन् । पदमार्गमा डाँफे, मुनाल, कालिज, कस्तुरी, झारल, नाउर, घोरल, थार, रतुवा, हिमचितुवालगायतका जंगली पशुपन्छी र तिनको बासस्थानलाई समेत प्रत्यक्ष अवलोकन गर्न सकिने चिमखोलाका अगुवा गम पुनले बताए ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले रुईसे डाँडादेखि धवलागिरि आइसफलसम्मको पदमार्गलाई नयाँ तथा विकास गर्नुपर्ने पर्यटकीय गन्तव्यका रूपमा छनोट गरेको छ । पूर्वाधार र आवश्यक व्यवस्थापकीय अभावले यो पदमार्ग औपचारिकरूपमा अझै सञ्चालनमा आउन सकेको छैन । ससलधाराहुँदै आधार शिविर पुग्ने पदमार्ग निर्माण सुरु गरिए पनि आधार शिविरदेखि कालीबराहहुँदै मुस्ताङको लेते निस्कने परम्परागत गोरेटोबाटो र भगवतीको रुइसेदेखि पछेत्राधुरी, सोबाङधुरी, लोसधुरी, दहबुकी, फेदी, सुगुरथलाहुँदै ससलधारा क्षेत्रसम्म पहिचान गरिएको पदमार्गमासमेत सिँढी चिनेर पदमार्गलाई स्तरोन्नति गर्नुपर्ने काम बाँकी छ । *रासस*

## सुनापति गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### हिलेदेवी, रामेछाप

## आशयको सूचना

**प्रकाशित मिति : २०८१/११/०५**

यस आयोजनाको मिति २०८१/०९/२२ गते प्रकाशित सूचनाअनुसार निम्नानुसार योजनाको बोलपत्र आह्वान गरिएकोमा सो को मूल्याङ्कन गरी तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्रहरू छनोट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिमको स्वीकृतिको आशयको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल अंक म'.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | SUN/G/ NCB/01/ 2081/082 | Procurement of Agricultural Equipment | Bhanu Enterprise, Pokhara-5, Kaski | १८,१३,३२७.९५/- |

**प्रमुख प्रशासकीय अधिकृत**


## युएइमा रोजगार
कम्पनी : Al Raheeq Ladies Saloon

पूर्व स्वीकृति मिति : २०८१/११/04 | LT. No. 318953 | चलानी नं. ६०२३३१०७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beutician For salon | 0 | 4 | 1200 | ४५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No: 332/059/060

**Jassim Trading & Services Pvt. Ltd.**
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np

## साउदीमा रोजगार
कम्पनी : KHALED HAMMOUD AL-KHALIDI AND PARTNERS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/०१ | LT. No. 318841 | चलानी नं. ६०२३३०७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६६,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १२३०/०७४/०७५

**Career Development Human Resource Pvt. Ltd.**
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## युएइमा रोजगार
कम्पनी : Seattle International Services

पूर्व स्वीकृति मिति : २०८१/११/04 | LT. No. 318956 | चलानी नं. ६०२३३१२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Helper | 20 | 0 | 800 | ३०,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 20 | 0 | 1200 | ४५,१९० | | | | | | | |
| 3 | Steel Fixer | 20 | 0 | 1200 | ४५,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम इजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492 Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदीमा रोजगार
कम्पनी : SEVENTH CUP TASTE CAFE FOR SERVING DRINKS

पूर्व स्वीकृति मिति : २०८१/११/04 | LT. No. 318963 | चलानी नं. ६०२३३१२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE PROVIDER | 1 | 0 | 1200 | ४४,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

## कुवेतमा रोजगार
कम्पनी : Laroka International Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/०१/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/04 | LT. No. 304144 | चलानी नं. ६०२१९०७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (INDOOR) | 2 | 0 | 85 | ३८,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | waiter | 5 | 0 | 120 | ५३,८३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## युएइमा रोजगार
कम्पनी : Isam Kabbani And Partners For Constructions And Maintenance Co. L.L.C. (Dubai Branch)

पूर्व स्वीकृति मिति : २०८०/०९/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/04 | LT. No. 297552 | चलानी नं.६०२१२५३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 3 | 0 | 900 | ३३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Isam Kabbani And Partners Constructions And Maintenance Llc

पूर्व स्वीकृति मिति : २०८०/११/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/04 | LT. No. 300595 | चलानी नं.६०२१५४९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 1 | 0 | 900 | ३३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 1 | 0 | 1200 | ४५,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Govt. License 1631/080/081

**PREMIUM HUMAN RESOURCE**
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 98201504740, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## साउदीमा रोजगार
कम्पनी : International Recruitment Company-IRC

पूर्व स्वीकृति मिति : २०८१/११/04 | LT. No. 318952 | चलानी नं. ६०२३३१११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Labour | 30 | 0 | 1000 | ३६,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Shelf Fillers | 70 | 0 | 1000 | ३६,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**JOB SEEKER MANPOWER Pvt. Ltd.** श्रम इजाजत नं. २३५/०५८/०५९
Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356, E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np


## सबैला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### सबैला, धनुषा
### मधेश प्रदेश, नेपाल

## बिधुतीय बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/११/04**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पूर्वाधार बिकाश कार्यक्रम अन्तर्गतका तपसिलका योजनाहरु संचालन गर्नुपर्ने भएकोले उक्त निर्माण कार्य गर्न इच्छुक फर्म कम्पनीले तपसिल उल्लेखित सर्तहरुको अधिनमा रही रीतपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गर्न www.bolpatra.gov.np/egp, यस कार्यालयको वेब साईट www.sabailamun.gov.np तथा सूचना पाटीमा हेर्न सकिनेछ ।

**तपसिल:**

| ठेक्का नं. | योजनाको नाम | बोलपत्र फारम दस्तुर (रु.) | जमानत रकम (रु.) | फाराम खरिद अवधि | फारम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| SM/Works/NCB/ 06/081-082 | Construction of Health Post Building at ward No.5 Sabaila Municipality | ३०००/- | ११८०००/- | २०८१/१२/०६ दिनको १२:०० बजे सम्म | २०८१/१२/०६ दिनको १२:०० बजे सम्म | २०८१/१२/०६ दिनको ०२:०० बजे |
| SM/Works/SQ/ 08/081-082 | Beautification of SatosharDham Temple Surrounding | १०००/- | ४३०००/- | २०८१/११/१९ दिनको १२:०० बजे सम्म | २०८१/११/१९ दिनको १२:०० बजे सम्म | २०८१/११/१९ दिनको ०२:०० बजे |

# प्रभाव दैनिक

सोमबार, ०५ फागुन २०८१ (Monday, February 17, 2025)


## रूपशाला

### कलाकार जितु नेपाललाई मातृशोक



कलाकार जितु नेपाल 'मुन्द्रे' लाई मातृशोक परेको छ। उनकी आमा योगमाया नेपालको आइतबार बिहान निधन भएको हो। योगमायाको ८९ वर्षमा निधन भएको उनकी नातिनी अनिता नेपालले जानकारी दिइन्। लामो समयदेखि दमको रोगबाट पीडित योगमायाको पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको थियो। स्वर्गीय योगमायालाई श्रद्धाञ्जली दिन दीपकराज गिरी, दीपाश्री निरौला, केदार घिमिरे, कलाकार संघका अध्यक्ष मोहन निरौला, कृष्ण ढुङ्गाना, कमेडियन भरतमणि पौडेल, सुमन कोइराला लगायत थुप्रै कलाकर्मीहरू आर्यघाट पुगेका थिए।

# ओपन च्यालेञ्ज फिल्म फुटबल कपका विजेता पुरस्कृत




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली चलचित्रको श्रीवृद्धिको लागि बक्स अफिस इन्टरनेसनल ग्रुपले आयोजना गरेको ओपन च्यालेन्ज फिल्म फुटबल कपको उपाधि बुढानिलकण्ठ फुटबल क्लबले उचालेको छ। 'जहाँ फुटबल त्यहीं अवार्ड, जहाँ अवार्ड त्यहीं फुटबल' आयोजना अन्तर्गत फाइनल खेलको भव्य कार्यक्रममा नेशनल सर्ट फिल्म अवार्ड पोखरा संस्करणको बिजेताहरूलाई ट्रफी हस्तान्तरण गरिएको छ।

फिल्म कपको ग्याण्ड फाइनल कार्यक्रममा अवसरमा सर्ट फिल्म 'कात्रो' २०८१ को उत्कृष्ट सर्ट फिल्म रहेको छ। छोटो चलचित्र 'कात्रो'बाटै निर्देशक, अभिनेता, अभिनेत्रीले नेशनल बक्स अफिस सर्ट फिल्म अवार्ड-२०८१ मा कब्जा जमाएका छन्। काभ्रे, भक्तपुर र ललितपुरको ३४ टिमको फुटसल टिमको कडा प्रतिस्पर्धा रहेको फिल्म कपको उपाधिमा भने बुढानिलकण्ठ एफसीले दरबारमार्गको फुलमाया फुटबल टिमलाई १ गोलले पराजित गर्दै नगद १ लाख एक हजार एक सयसहित ९ केजीको आकर्षक ट्रफी, चलचित्र दुःखी आत्माको तर्फबाट १० वटा टिकट प्राप्त गरेका छन्।

प्रतियोगिताका कूल ३४ टिमका झण्डै ३ सय खेलाडीलाई पछि पार्दै बुढानिलकण्ठ एफसिले प्रतियोगिताको बेस्ट खेलाडीसहित उत्कृष्ट म्यानेजर विधाको पुरुस्कार प्राप्त गरेको छ भन्ने फुलबारी एफसिले ५१ हजार ५ सय नगद र ९ केजीको ट्रफी, चलचित्र दुःखी आत्माको २० वटा टिकट, उत्कृष्ट किपरको अवार्डसहित सिल्भर मेडल प्राप्त गरेको छ। बिजेता-उपबिजेताहरूलाई लाइन्स क्लबका अध्यक्ष नकुल गिरीसहित वरिष्ठ खेलाडी, वरिष्ठ चलचित्रकर्मी, वरिष्ठ समाजसेवीहरूले सामूहिकरूपमा पुरुस्कार वितरण गरेका थिए।

कुल ३४ टिमको उत्साहजनक सहभागिता रहेको फिल्म कपमा लामा एफसिले प्रतियोगिताकै फेयर प्लेको अवार्ड पायो भन्ने फिल्म कपको फुटबल लभरको अवार्ड रोयल डिजाइन एफसिले उचालेको छ। बिजेता बुढानिलकण्ठ एफसिको टिम म्यानेजर दिपेश श्रेष्ठ उत्कृष्ट टिम म्यानेजरको अवार्डबाट सम्मानित भए। त्यसैगरी राजधानीको चुच्चे पार्टीमा सञ्चालनमा आएको हिमालयन फुटसल उत्कृष्ट फुटसल अवार्डबाट सम्मानित भएको थियो भन्ने फुटबल हर्ट अवार्डबाट अजय एफसिलाई प्रदान गरिने घोषणा गरिएको थियो।

फुटबल क्रेजीको अवार्ड अर्जुन एफसिलाई प्रदान गरिएको थियो। प्रतियोगिताका ३४ टिमलाई उछिन्दै मेन्टेन टिम प्रतियोगिताभर नै उत्कृष्ट खेल पस्केको हुनाले मेन्टेनलाई राइजिङ स्टार फुटबल टिम अवार्ड दिने घोषणा गरियो भन्ने प्रतियोगितामा इक्करेज टिमको अवार्ड टि स्टार एफसीलाई प्रदान गरिएको छ।

प्रतियोगितामा एक जना भाग्यमानी दर्शक गोलाप्रथाबाट बौद्धका साङ्गे लामा छानिए। उनले आकर्षक टर्फीसहित नगद ११ हजार पुरुस्कार प्राप्त गरेका छन्। निकै तामझामको साथ सम्पन्न गरिएको फिल्म कपको अवसरमा नेसनल बक्स अफिस सर्ट फिल्म अवार्ड २०८१ पोखरा संस्करणको बिजेताहरूलाई अवार्डको ट्रफी हस्तान्तरण गरिएको थियो।

यो वर्षको नेशनल बक्स अफिस फिल्म सर्ट फिल्म अवार्ड २०८१ संस्करणमा ८३ सर्ट फिल्महरूलाई पछार्दै रुद्र कोइरालाले बनाएको सामाजिक चलचित्र कात्रो भाग २ उत्कृष्ट सर्ट फिल्मले पुरुस्कार प्राप्त गरेको छ। कात्रोको अभिनेता विक्रम खत्री उत्कृष्ट अभिनेता र अभिनेत्रीमा बिपना केसी उत्कृष्ट अभिनेत्री घोषणा गरियो भने निर्देशननर्फ बिकुल देवकोटा कात्रोबाटै उत्कृष्ट रहे।

त्यसैगरी चरीत्र अभिनेता द टिचरबाट बिरु गुरुङ, चरित्र अभिनेत्रीमा संगीता थापा, बाल कलाकार बिधामा तेजस्वी सापकोटा, सर्ट फिल्म द टिचरबाटै कथामा बसन्त सापकोटा र द्वन्द्व निर्देशन खेमनाथ खनालले आफूलाई २०८१ को उत्कृष्ट अवार्डको हकदारको रूपमा पुष्टि गरेका छन्। दशैं तिहार एक सपनाबाट रबिन भट्ट सम्पादकमा, हनुमानदासबाट छायांकारमा शिशिर अर्याल र यस सर्ट फिल्मबाटै मेकअपमा सञ्जु ढकाल लगायत थुप्रै विधाबाट विभिन्न कलाकर्मीहरूले अवार्ड हासिल गरेका छन्।

छिट्टै आयोजना हुन गइरहेको नेशनल बक्स अफिस फिल्मब फेयर अवार्डको आयोजनाको प्रमोशनमा आयोजना गरेको ओपन च्यालेन्ज फिल्म फुटबल कपको ग्याण्ड फाइनल अघि खेलाइएको मैत्रीपूर्ण खेलमा आयोजक बक्स अफिस फुटबल एकेडमीले कपन भेट्रान क्लबलाई ३ गोलको विरुद्ध ५ गोल ठोक्दै विजयी भएको छ।

फिल्म कपको भव्य समापनपछि बक्स अफिस इन्टरनेशनल ग्रुपले यही फागुन २३ र २४ गते नेशनल एजुकेसन अवार्डको अवसरमा ओपन च्यालेन्ज एजुकेसन फुटबल कप र जेठ २६ र २७ मा म्युजिक अवार्डको अवसरमा ओपन च्यालेन्ज म्युजिक फुटबल कपको बृहत आयोजनाको तयारीमा रहेको कार्यक्रम अध्यक्ष आरके सुवेदीले बताए।

# वसुन्धरा भुसाललाई 'लाइफटाइम एचिभमेन्ट' सम्मान दिइने

■ प्रभाव संवाददाता



**काठमाडौं–** एपिक नेपाल म्युजिक अवार्डको पाँचौं संस्करण आयोजना हुने भएको छ। आयोजक एपिक नेपाल म्युजिक प्रालीले शनिवार राजधानीमा एक कार्यक्रम गर्दै अवार्डको विभिन्न पक्षबारे जानकारी दिएको हो।

मध्यपुर थिमी शंखधरपार्क भक्तपुरमा आयोजित कार्यक्रममा नगर प्रमुख मदनसुन्दर श्रेष्ठ, म्युजिक भिडियो निर्देशक समाजकी अध्यक्ष बबिता श्रेष्ठ लगायतको उपस्थिति रहेको कार्यक्रममा आधुनिक, पप, लोकपप, पर्व विशेष, काँठे र देउडा गीत, चलचित्र गरी ३२ विद्यामा अवार्ड प्रदान गरिने अवार्ड ३२ विधामा हुने जानकारी दिइयो।

'नेपाली कला र स्रष्टाको सम्मान, नेपाली संस्कृति संरक्षण र प्रवर्द्धन हाम्रो अभियान' भन्ने मूल नाराका साथ अवार्ड आयोजना हुन लागेको आयोजक संस्थाका अध्यक्ष राजेन्द्र पुरीले जानकारी दिए। आगामी चैत्र २ गते मध्यपुर थिमी नगरपालिकामै सम्पन्न हुने अवार्डमा वरिष्ठ कलाकार वसुन्धरा भुसाललाई नगदसहित 'लाइफटाइम एचिपमेन्ट अवार्ड' र वरिष्ठ पत्रकार ऋषि धमला र ऋषि थपलियालाई सम्मान गरिनेछ।

# कल्की निर्देशकको नयाँ फिल्ममा आलिया

**हैदाराबाद (एजेन्सी)–** नाग अश्विनको निर्देशनमा बनेको 'कल्कि २८९८ एडी' ले गत वर्ष बक्स अफिसमा निकै धूम मच्चाएको थियो। प्रभास, अमिताभ बच्चन, दीपिका पादुकोण र कमल हसनजस्ता स्टारहरू अभिनित यो फिल्मले विश्वव्यापी रूपमा १०४२.२५ करोड रूपैयाँ संकलन गर्न सफल भएको थियो। अहिले फेरी नाग अश्विनले आफ्नो अर्को फिल्मको तयारी गर्न थालेका छन् र यसका लागि आलिया भट्टसँग कुराकानी भइरहेको जनाइएको छ।

आलिया भट्ट अहिले सञ्जय लीला भन्सालीको फिल्म 'लभ एन्ड वार' को सुटिङमा व्यस्त छिन्। यो फिल्ममा उनी रणवीर कपुर र विक्की कौशलसँग काम गरिरहेकी छिन। यसको छायांकन अक्टोबर २०२५ भित्रमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

तर, पिंकभिलाको रिपोर्ट अनुसार यदि सबै ठीक भयो भने आलियाले राष्ट्रिय पुरस्कार विजेता निर्देशक नाग अश्विनसँग अब चाँडै काम गर्ने छिन्। आलिया केही समयदेखि एउटा स्क्रिप्टको खोजीमा छिन्, जुन 'लभ एन्ड वार' पछि उनको अर्को फिल्म बन्न सक्छ। स्रोतलाई उद्धृत गर्दै रिपोर्टमा भनिएको छ कि नाग अश्विनले 'कल्की २८९८ एडी' को अर्को भाग अघि अर्को नयाँ फिचर फिल्मको योजना बनाइरहेका छन्। जसमा उनी आलियासँग जोडिन खोजिरहेका छन्।

यसमा भनिएको छ, 'अहिले फिल्मको विधा र कथानक जस्ता जानकारी गोप्य राखिएको छ तर नाग अश्विनले आलिया भट्टसँग आफ्नो अर्को फिल्ममा काम गर्न सक्नेछन्। दुवैबीच प्रारम्भिक कुराकानी भइसकेको छ र आलियालाई पनि कथा मन परेको छ।' अहिले दुवै बीचको वार्ता अन्तिम चरणमा रहेको पनि बताइएको छ। तर, आलियाले नोभेम्बरबाट मात्रै अर्को फिल्मको सुटिङ गर्न सक्ने भएकाले पनि सुटिङको मिति तय भइसकेको जनाइएको छ।

## रंगशाला

### हिसान गण्डकी फुटसल

# गुरूकुलको विजयी सुरूआत



■ प्रभाव संवाददाता

**पोखरा–** पोखरामा उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा कलेज फुटसल प्रतियोगिता शुरु भएको छ।

प्रतियोगिताको उद्घाटन खेलमा कास्की च्याम्पियन बनेको गुरुकुल विद्यासनले बिजयी शुरुवात गरेको छ। गुरुकुल विद्यासनले जुनियर सिटिजन एकेडेमी लेखनाथलाई १-० गोलले हरायो। अर्को खेलमा डाइमन्ड सेकेन्डरी स्कुलले पोखरा युनाइटेड एकेडेमीलाई ट्राइब्रेकरमा ३-२ गोलले हरायो। निर्धारीत समयमा दुई दुई गोलका बराबरीमा सकिएपछि खेल ट्राइब्रेकरमा पुगेको थियो।

अर्को खेलमा सुर्योदय इङलिस बोडिङ स्कुलले ग्लोबल कलेजियट स्कुललाई फराकिलो अन्तरले हरायो। सुर्योदयले ग्लोबललाई ८-२ गोल अन्तरले हरायो। अर्को खेलमा अरनिको स्कुल तनहुँले मदरल्याण्ड स्कुललाई ४-३ गोल अन्तरले हरायो। आइतबारको ६ औं खेलमा चिल्डेन लाइफ इङलिस स्कुल बाग्लुङले त्रिबेणी पब्लिक स्कुल लेखनाथलाई २-१ गोलले हरायो। अर्को खेलमा कास्की मोडनाइ एकेडेमीले फियुचर बोडिङ स्कुल बागलुङलाई ५-१ गोलको फराकिलो अन्तरले हरायो।

कलेज तर्फको फुटसलमा सोच कलेज अफ आइटिले ज्ञान कलेजलाई ९-० गोलको फराकिलो अन्तरले हरायो। फागुन ७ गते सम्म सञ्चालन हुने प्रतियोगितामा विद्यालय तर्फ १४ विद्यालयले भाग लिएका छन् भने क्याम्पस तर्फ ९ क्याम्पसले सहभागीता जनाएका छन्। प्रतियोगिताको विजेता टोली नगद १ लाख मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने छन्।

त्यसै गरी दोस्रो हुने टोलीले नगद ५० हजार मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने हिसान गण्डकी प्रदेशका अध्यक्ष डा. रामजी शर्माले जानकारी दिए। उनले कलेज तर्फको बिजेताले नगद २० हजार र दोस्रो हुने टिमले नगद १० हजार मेडल, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने छ। प्रतियोगिताको प्रथम पुरस्कार युआरएलले प्रायोजन गरेको छ भने दोस्रो पुरस्कार हिसान कास्कीले प्रायोजन गरेको छ।

प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्बलले गर्दै आएको छ। सविन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्लब हो। प्रतियोगिताको उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजीक तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले खेलाडी उत्पादनमा टेवापुग्ने बताए।

# यु-२० महिला रग्बी सेभेन्स मंगलबारदेखि

**काठमाडौं (प्रस)–** राष्ट्रिय यु-२० महिला रग्बी सेभेन्स च्याम्पियनसिप (भोलि) मंगलबारदेखि सुरु हुने भएको छ। आइतबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरेर नेपाल महिला रग्बी क्लबले प्रतियोगिताबारे जानकारी गराएको हो।

प्रतियोगितामा सुदूरपश्चिम, कर्णाली, गण्डकी, मधेस, कोसी, बागमती प्रदेशसहित नेपाल महिला रग्बी संघ र हिमालयन टाइगर रग्बी क्लब गरी आठ टिमले सहभागिता जनाउनेछन्। पत्रकार सम्मेलनमै गरिएको 'ड्र' अनुसार समूह 'ए' मा बागमती प्रदेश, गण्डकी, नेपाल महिला रग्बी संघ र मधेस प्रदेश परेका छन्। यस्तै, समूह 'बी' मा हिमालयन टाइगर, कोसी, सुदूरपश्चिम र कर्णाली प्रदेश छन्।

राउन्ड रोबिन लिगका आधारमा चल्ने प्रतियोगिताका समूहका शीर्ष दुई टिमले सेमिफाइनलमा स्थान बनाउनेछन्। आयोजकका अनुसार प्रतियोगिताको विजेताले ५० हजार प्राप्त गर्नेछ। उपविजेता टोलीले ३० हजार रूपैयाँ प्राप्त गर्नेछ।

आयोजक क्लबकी अध्यक्ष एलिसा थापाले सहभागी टिमको एकतर्फी यातायात खर्च, खाना, खाजा र बसोबासको व्यवस्थाको सुविधा आयोजकले बेहोर्ने जानकारी दिइन्।

महिला क्लबले पहिलोपल्ट प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिँदै अध्यक्ष थापाले उमेरसमूहका खेलाडीलाई एक्सपोजर प्रदान गर्न र दशौं राष्ट्रिय खेलकुदको तयारीमा प्रतियोगिताले सघाउ पुऱ्याउने बताइन्। प्रतियोगिता आयोजनाका लागि २५ लाख रूपैयाँ खर्च हुने बताइएको छ। त्यसमा प्रदेश खेलकुद विकास परिषद् बागमतीले २० लाख रूपैयाँ सहयोग उपलब्ध गराउने आयोजकले जनाएको छ।


नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग
महाकाली सिंचाई व्यवस्थापन कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना !

*सूचना प्रकाशित मिति : २०८१/११/०४ (आइतबार)*

यस कार्यालयबाट मिति २०८१/१०/१५ गते मन्ध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको सिलबन्दी दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्रहरूको सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | बोलपत्र दाताको नाम | कबोल रकम रु. (PS र मु.अ.क.सहित) |
|---|---|---|---|---|
| १. | MIMO/AMIS/SQ-1/081/082 | Construction of Cascade Drop, RCC Canal Lining, Earthwork Filling & Excavation from Ch 0+000 to Ch 0+300 at ZZR Canal | Mau Bhera Construction, Kanchanpur | NRs. 12,72,538.75 |
| २. | MIMO/AMIS/SQ-02/081/082 | Construction of RCC Canal Lining, Earthwork Filling & Excavation from Ch 0+300 to Ch 1+050 at ZZR Canal | Raja Construction, Kanchanpur | NRs. 12,90,505.86 |

कार्यालय प्रमुख

# फ्रेड्रिक मेर्ज : जर्मन चान्सलरको पदको नजिक पुगेका कन्जरभेटिभ

**बर्लिन-** जर्मनीको अर्को चान्सलर बन्ने अपेक्षा गरिएका फ्रेड्रिक मेर्जले आफ्नो क्रिश्चियन डेमोक्रेट पार्टीको कन्जरभेटिभ जरामा फर्केर व्यवसायलाई सहयोग गर्दै र आप्रवासनमा कडाइ गर्दै युरोपको सबैभन्दा ठूलो अर्थतन्त्रमा शासन गर्ने प्रतिबद्धता जनाएका छन् ।

मध्यमार्गी पूर्वचान्सलर एन्जेला मर्केलको लामो समयदेखि सिडियू पार्टीको प्रतिद्वन्द्वी मेर्जले उनको खुला द्वार आप्रवासी नीतिको आलोचना गरेका छन् र संसद्मा यस विवादास्पद मुद्दामा दक्षिणपन्थी एएफडीको समर्थन स्वीकार गरेर उनको आक्रोश बेहोरेका छन् । ६९ वर्षीय कानुन व्यवसायी मेर्जसँग बलियो व्यावसायिक पृष्ठभूमि छ । लगानी कोष ब्ल्याकरक र धेरै कर्पोरेट बोर्डहरूमा काम गरेर उनी करोडपति बनेका छन् तर उनले कहिल्यै सरकारी नेतृत्वको पद सम्हालेका छैनन् ।

यद्यपि यी जुझारु वक्ताले राजनेताजस्तो व्यक्तित्व प्रस्तुत गर्न खोजेका छन् र 'अनुमानितरूपमा अप्रत्यासित' भनी बताएका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग व्यवहार गर्न सक्षम भएको विश्वास व्यक्त गरेका छन् । वामपन्थी चान्सलर ओलाफ स्कोल्जको त्रिपक्षीय गठबन्धन असफल भएको बेला विपक्षी सिडियू/सिएसयू गठबन्धनको नेताका रूपमा मेर्जले बाहिरन लागेको 'हरित-वाम' सरकारमाथि कडा आलोचना गरेका छन् ।

व्यक्तिगत स्वीकृति दर न्यून भए पनि सर्वेक्षणहरूले लामो समयदेखि स्कोल्जलाई हटाउन र जर्मनीका लागि 'तीन खेर गएका वर्षहरू' भनेको अन्त्य गर्न मेर्जले बलियो दाबेदारको रूपमा घोषणा गरेका छन् ।

गत हप्ता संसद्मा मेर्जले स्कोल्ज र उनका सहयोगीहरूलाई कम्पनी दिवालिया बनाएर पनि आफ्नो सम्झौता चार वर्ष थप्न माग्ने व्यवसाय प्रबन्धकहरूसँग तुलना गरे ।

'तपाईंलाई थाहा छ मालिकहरूले हाँस्न छोडेपछि के भन्थे ?' मेर्जले व्यंग्यात्मकरूपमा सोधे, 'उनीहरूले तपाईंलाई विनम्रतापूर्वक कम्पनी छोड्न अनुरोध गर्थे । सामान्य जीवनमा यस्तै हुन्छ ।' मेर्जको चुनावी वाचा बिग्रँदो अर्थतन्त्रलाई पुनर्जीवित गर्नु र 'फेरि गर्व गर्न सकिने जर्मनी' का लागि बर्लिनको अन्तर्राष्ट्रिय भूमिका पुनर्निर्माण गर्नु रहेको छ ।

उनका कडा प्रस्तावहरू मध्ये शरण खोजे पनि कागजातविहीन आप्रवासीहरूलाई जर्मन सीमाबाट रोक्ने योजना छ । यो कानुनी अधिकार हो । साथै प्रस्तावमा निर्वासनको प्रतीक्षामा रहेकाहरूलाई हिरासतमा राख्ने योजनासमेत छ । मेर्जले विगतमा मुस्लिम आप्रवासीका छोराहरूलाई 'साना पाशाहरू' भनेका थिए र केही युक्रेनी युद्ध शरणार्थीहरूलाई 'सामाजिक कल्याण पर्यटन' को आरोप लगाएका थिए । पछि उनले माफी माग्नु परेको थियो ।

लामो समयदेखिको मान्यता तोड्दै अतिदक्षिणपन्थी अल्टरनेटिभ फर जर्मनी (एएफडी) को समर्थनमा आफ्नो आप्रवासन कडाइको प्रस्ताव पारित गरेपछि गत महिना मेर्जले संसद्मा ठूलो हलचल मच्चाए र सडक प्रदर्शनको लहर ल्याए । दक्षिणपन्थी मोडका अन्य संकेतहरूमा मेर्जले 'शून्य सहनशीलता' कानुन र व्यवस्था अभियान, गाँजा वैधानिकता उल्टयाउने, 'वोक' नीतिहरू र लैंगिक-संवेदनशील भाषा सीमित गर्ने र आणविक ऊर्जामा फर्कने अध्ययन गर्ने वाचा गरेका छन् । यी सबैले एएफडीबाट मतदाताहरूलाई फर्काउने मेर्जको तर्क छ ।

तर यदि उनले जिते भने गठबन्धन साझेदार खोज्दा सम्भवतः स्कोल्जको सोसल डेमोक्रेटसँग केही नीतिहरू नरम बनाउनुपर्ने हुनसक्छ । स्कोल्जले आफ्ना प्रतिद्वन्द्वीलाई 'चिडचिडाहट व्यक्ति' का रूपमा चित्रण गर्न खोजेका छन् र एएफडीसँगको उनको सम्बन्धले एक दिन उनले अतिदक्षिणपन्थी पार्टीसँग शासन गर्ने संकेत गरेको आरोप लगाएका छन् । उक्त आरोपलाई मेर्जले कडा रूपमा अस्वीकार गरेका छन् ।

समाचार पत्रिका डेर स्पिगेलले मेर्जलाई द्वन्द्वलाई व्यक्तिगत रूपमा लिने र कहिलेकाहीँ रिसको आवेगमा आउनुहुने बताएको छ । *रासस/एएफपी*

# रेलवे स्टेसनमा भागदौड हुँदा १८ जनाको मृत्य

नयाँदिल्ली- भारतको राजधानी नयाँ दिल्लीस्थित एक रेलवे स्टेसनमा शनिबार राति भएको भागदौडका क्रममा परी मृत्यु हुनेको संख्या १८ पुगेको छ । विश्वको सबैभन्दा ठूलो धार्मिक जमघट महाकुम्भ मेलामा जान रेल चढ्न भेला भएका धार्मिक पर्यटकबीच रेल चढ्ने क्रममा भागदौड भएको हो । उत्तरी सहर प्रयागराजमा हुने कुम्भ मेलाले प्रत्येक १२ वर्षमा दशौं लाख हिन्दू धर्मावलम्बीहरूलाई आकर्षित गर्दछ ।

फेब्रुअरी २६ मा समाप्त हुने उक्त कार्यक्रमका लागि रेल चढ्नका लागि भीडले संघर्ष गरिरहेका बेला नयाँ दिल्लीको रेल स्टेसनमा भागदौड भएको हो । 'अस्पतालमा १५ जनाको मृत्यु भएको म पुष्टि गर्न सक्छु । तिनीहरूलाई कुनै पनि देखिने चोट छैन । हाइपोक्सिया वा कुनै चोटका कारण मृत्यु भएको हुन सक्छ तर शव परीक्षणपछि मात्र यसको पुष्टि हुने छ,' नयाँ दिल्लीस्थित लोकनायक अस्पतालकी डेपुटी मेडिकल सुपरिटेन्डेन्ट डा. रितु सक्सेनाले एएफपीसँग बताइन् ।

'घटनामा अन्य ११ जना घाइते भएका छन् । तीमध्ये अधिकांशको अवस्था स्थिर छ र हाडजोर्नीमा चोट लागेको छ,' उनले भनिन् ।

सहरको अर्को अस्पतालका एक अधिकारीलाई उद्धृत गर्दै एनडीटिभीले भागदौडमा परी थप तीन जनाको मृत्यु भएको जनाएको छ । मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका छन् । 'म सन् १९८१ देखि कुल्लीको काम गर्दै आएको छु, तर मैले यसअघि यस्तो भीड कहिल्यै देखेको थिइनँ,' रेलवे स्टेसनका एक पोर्टरलाई उद्धृत गर्दै 'टाइम्स अफ इन्डिया'ले लेखेको छ । प्रयागराजका लागि छुटेको विशेष रेलको प्लेटफर्म एकाएक सारिएपछि मानिसहरू आपसमा ठोक्किन थाले र एस्केलेटर र सिँढीमा खसेका थिए ।

रेलमन्त्री अश्विनी वैष्णवले दुर्घटनाको कारणबारे उच्चस्तरीय छानबिनको आदेश दिइएको बताएकी छन् । वैष्णवका अनुसार भक्तजनको भीड हटाउन नयाँ दिल्लीबाट थप विशेष रेल सञ्चालन भइरहेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भागदौडबाट आफू मर्माहत भएको बताएका छन् ।

'शोकको यस घडीमा म आफ्ना प्रियजनहरू गुमाएका व्यक्तिहरूप्रति समवेदना व्यक्त गर्छु । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु,' उनले लेखेका छन् । राजधानी क्षेत्र दिल्लीका गभर्नर विनयकुमार सक्सेनाले विपद् व्यवस्थापनका कर्मचारीलाई तैनाथ गर्न भनिएको र सबै अस्पतालहरू सम्बन्धित आपत्कालीन अवस्थालाई सम्बोधन गर्न तयार रहेको बताएका छन् ।

छ हप्तासम्म चल्ने महाकुम्भ मेला हिन्दू धार्मिक क्यालेन्डरको सबैभन्दा महत्त्वपूर्णमध्येको पर्व हो । अधिकारीहरूले गत महिनादेखि नै करिब ५० करोड भक्तजनले यस पर्वको अवलोकन गरिसकेको बताएका छन् । *रासस/एएफपी*


**साउदीमा रोजगार** कम्पनी : EMDAD TECHNICAL SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318868 | चलानी नं. ६०२३३११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelf Packer | 1 | 0 | 3000 | ११०,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com



**साउदीमा रोजगार** कम्पनी : Icon Gulf Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318912 | चलानी नं. ६०२३३१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver. | 1 | 0 | 2500 | ९२,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


## चुरे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### घरखेडा,कैलाली
### सुदूरपश्चिम प्रदेश,नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८१/११/०५ (17th Feb, 2025)**

यस चुरे गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको आ.व २०८१/०८२ अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यका लागि प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं | विवरण | बोलपत्र स्वीकृतिको आशय दिइएको बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | CRM/NCB/Works/07/081/082 | Upgrading Of Nigali Deshana Kadkiri Road, Chure-01,02 | L.B Construction And Order Suppliers, Budhinanda-07, Bajura | Rs 26,60,686.82 /- |
| २ | CRM/NCB/Works/08/081/082 | Construction Of Thuloban Aamkhore Mandir Road, Chure 04 | Badikedar Nirman Sewa Pvt. Ltd, Chure-03, Kailali | Rs 22,81,411.04 /- |

**प्रमुख प्रशासकीय अधिकृत**


**बिमालेख हरायो**

मिति २०८१/०९/२७ गते बौद्धदेखि चावहिल सम्म जाँदा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : रेनुका उप्रेती
बिमालेख नं : २५१८००१९८
लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेड
ठेगाना : बौद्ध, नयाँबस्ती
सम्पर्क नं : ९८५१०५१८५४



**युएइमा रोजगार** कम्पनी : National catering company limited- sole proprietorship LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 304961 | चलानी नं. ६०२१९७१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 13 | 48 | 800 | ३०,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office girl/messenger | 15 | 0 | 1000 | ३७,६६० | | | | | | | |
| 3 | Room Boy | 40 | 0 | 1000 | ३७,६६० | | | | | | | |
| 4 | Salad Maker | 15 | 0 | 1100 | ४१,४२५ | | | | | | | |
| 5 | Waiter | 11 | 0 | 1000 | ३७,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447 /9705000448/9705000449, E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



**कुवेतमा रोजगार** कम्पनी : La Venir for Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318939 | चलानी नं. ६०२३३११०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beauticians (Ladies) | 0 | 6 | 150 | ६७,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम इजाजत नं. ३०१/०५९/०६०



**युएइमा रोजगार** कम्पनी : BLUE JET SECURITY GUARD & CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 306267 | चलानी नं. ६०२२१०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 900 | ३३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard | 10 | 0 | 1500 | ५६,४९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com



**युएइमा रोजगार** कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS L.L.C. - SOLE PROPRIETORSHIP L.L.C..

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318835 | चलानी नं. ६०२३३१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 85 | 0 | 900 | ३३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plaster & Brick Maso | 5 | 0 | 1200 | ४५,१९० | | | | | | | |
| 3 | Steel Fixer | 5 | 0 | 1200 | ४५,१९० | | | | | | | |
| 4 | Suttering Carpenter | 5 | 0 | 1200 | ४५,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

Advance Recruitment Service Pvt. Ltd.
Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069
श्रम इजाजत नं. ४४४/०६०/०६१



**साउदीमा रोजगार** कम्पनी : ORIGINAL ORCHARD FOODSTUFF FACTORY

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318982 | चलानी नं. ६०२३३१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Load & Unloading Workers | 4 | 0 | 1000 | ३६,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

Sulav Recruitment Pvt.Ltd.
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
Govt. License No. 1336/074/075



**युएइमा रोजगार** कम्पनी : OGO CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/११/०४ | LT. No. 318970 | चलानी नं. ६०२३३१३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Const. Steel Fixer | 15 | 0 | 1200 | ४५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 10 | 0 | 1000 | ३७,६६० | | | | | | | |
| 3 | Mason For Plaster ./ Block | 10 | 0 | 1200 | ४५,१९० | | | | | | | |
| 4 | Suttering Carpenter | 15 | 0 | 1200 | ४५,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: स्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।
Itahari, Sunsari Multipule Training Centre मा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।
Sunsari, Anjali Training Centre मा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।
Sunsari, Inawruwa Multiple Training Centre मा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।
Chitwan, Bharatpur, Maulakalika Training Centre मा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।
Chitwan, Bharatpur, Chitwan Multiple Training Centre मा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।
Jhapa, Damak, Ocotpur Training Centre मा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।
Jhapa, Birtamode, Jhapa Technical Training Centre मा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।
Siraha, Mirchaya , Mirchaya Multiple Training Centre मा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।
Dhanusha, Janak Nandini Rural Municipality, Bright Future Training Centre मा मिति: २०८१ फागुन १२ गते (24th Feb. 2025) मा हुनेछ ।

Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com


### बागमती प्रदेश सरकार
### स्वास्थ्य मन्त्रालय
### स्वास्थ्य निर्देशनालय
## भक्तपुर अस्पताल, भक्तपुर

## करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१/११/०५

यस अस्पतालको लागि चिकित्सक करार सेवामा भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पदनाम/ तह | सेवार समूह/उपसमुह | माग पद संख्या | न्यूनतम शैक्षिक योग्यता (नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ मा तोकेको) |
|---|---|---|---|---|---|
| १ | २४/२०८१/८२ | फरेन्सिक मेडिसिन अधिकृत/नवौं | स्वास्थ्य/मेडिसिन/फ.मे. | १ (एक) | फरेन्सिक मेडिसिनमा स्नातकोतर उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| २ | २५/२०८१/८२ | क. पेडियाट्रिसियन/नवौं | स्वास्थ्य/पेडिया./पेडियाट्रिक मेडिसिन | १ (एक) | पेडियाट्रिक्समा स्नातकोतर उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| ३ | २६/२०८१/८२ | क. रेडियोलोजिस्ट | स्वास्थ्य/रेडियोलोजी | १ (एक) | रेडियोलोजीमा स्नातकोतर उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| ४ | २७/२०८१/८२ | क. मेडिकल जनरलिष्ट/नवौं | स्वास्थ्य/मे.ज. | १ (एक) | एम.डि.जि.पी. उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| ५ | २८/२०८१/८२ | मेडिकल अधिकृत/आठौं | स्वास्थ्य/ज.हे.स. | ७ (सात) | मान्यता प्राप्त शिक्षण सस्थाबाट एम.बि.बि.एस. वा सो सरह उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |
| ६ | २९/२०८१/८२ | डेन्टल सर्जन/आठौं | स्वास्थ्य/डेन्टिस्ट्री | १ (एक) | मान्यता प्राप्त शिक्षण सस्थाबाट बि.डि.एस. वा सो सरह उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । |

**क. छनोटको प्रकृया:** बागमती प्रदेशको चिकित्सक तथा स्वास्थ्यकर्मी करार व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम क्र.सं. १, २, ३ र ४ को अन्तरवार्ताको प्रक्रियाद्वारा (अन्तरवार्ता, शैक्षिक योग्यता, तालिम र कार्यअनुभवको मुल्यांकनको आधारमा) र क्र.सं. ५ र ६ को लिखित र अन्तरवार्ताको प्रक्रियाद्वारा (अन्तरवार्ता, शैक्षिक योग्यता, तालिम र कार्यअनुभवको मुल्यांकनको आधारमा) हुनेछ ।

**ख. उम्मेदवारको उमेरको हद:** २१ वर्ष उमेर पुरा भइ ४५ वर्ष ननाघेको ।

**ग. आवेदन साथ संलग्न गर्नु पर्ने कागजात:** क) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ग) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी घ) चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ङ) कार्यानुभव र तालिमको कागजात एवं प्रमाणपत्रको प्रतिलिपी च) राजस्व जम्मा गरेको भौचर

**घ. आवेदन दस्तुर:** नवौं तहको लागि रू. २०००/- र आठौं तहको लागि रू.१२००/- यस अस्पतालको कार्यालय कोड ३७००१३३०१३ मा नेपाल बैंकमा खाता नं. २७२०२००००००१००१००००००१ राजस्व शिर्षक नं. १४२२४ मा जम्मा गर्न सकिनेछ ।

**ङ. आवेदन बुझाउने स्थान:** कार्यालय समय भित्र अस्पतालको प्रशासन शाखामा बुझाउन सकिनेछ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट सम्म आवेदन दिन सकिनेछ ।

च. दरखास्त फारमः अस्पतालको वेबसाइट https://bhaktapurhospital.gov.np बाट डाउनलोड गर्न वा प्रशासन शाखाबाट लिन सकिनेछ ।

**छ. तलव भत्ता:** क्र.सं. १, ३, ५ र ६ को अस्पताल संचालन तथा व्यवस्थापन समितिको कोषबाट तथा क्र.सं. २ र ४ को अस्पतालको स्वीकृत रिक्त दरवन्दीमा करार पदपुर्ति गर्न प्रदेश सरकारबाट विनियोजित बजेटबाट हुनेछ ।

**ज. लिखित परीक्षा तथा अन्तरवार्ताको मिति:** अस्पतालको वेबसाइट र सूचना पाटीमा पछि प्रकाशित गरिनेछ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १६७५०० | प्रति तोला – ० | प्रति तोला – १९५५ |



**ड्रागन फ्रुट खेती** | बाँकेस्थित नेपालगञ्ज उपमहानगरपालिका–२० मा व्यावसायिकरूपमा गरिएको ड्रागन फ्रुट खेती । पछिल्लो समय यसको माग बढेसँगै बाँकेमा व्यावसायिक खेती सुरु हुन थालेको छ । *तस्बिर: समिर शाही/रासस*

## ‘राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न गर्नुपर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय गौरव र राष्ट्रिय प्राथमिकताका ठूला आयोजना समयमा सम्पन्न गर्न सरकार गम्भीर रहेको बताएका छन् ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री ओलीले सिक्टा सिँचाइ र बबई सिँचाइ आयोजना लगायतका राष्ट्रिय गौरव र राष्ट्रिय प्राथमिकताका ठूला आयोजना समयमा सम्पन्न गर्ने विषयमा आफू गम्भीर र संवेदनशील रहेको बताएका हुन् ।

‘मेरो नेतृत्वमा सरकार गठन भएपछि यी आयोजनाहरू समयमै सम्पन्न गर्न तथा निर्माण व्यवसायीको भुक्तानीको समस्या समाधान गर्न मैले सुरुदेखि नै पहल गरिरहेको छु’, उनले भने, ‘आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा भुक्तानी गर्न बाँकी दायित्वमध्ये हालसम्म रु २२ अर्ब ४३ करोड ३६ लाख भुक्तानी भइसकेको छ ।’

प्रधानमन्त्रीका अनुसार राष्ट्रिय परियोजनाका लागि स्रोतको समस्या आउन नदिन सम्बन्धित मन्त्रालयलाई बजेट तर्जुमाका लागि प्रदान गरिएको बजेट ‘सिलिङ’बाट त्यस्ता आयोजनाका लागि सो आर्थिक वर्षमा आवश्यक पर्ने रकम विनियोजन गरी ‘इयरमार्क’ गरेपछि मात्र अन्य आयोजना तथा कार्यक्रममा बजेट छुट्याउने गरी नीतिगत प्रबन्ध गरिएको छ ।

प्रधानमन्त्रीले नयाँ बहुवर्षीय आयोजनाका लागि स्रोत सुनिश्चित गर्दा विस्तृत आयोजना प्रतिवेदन ‘इन्जिनियरिङ डिजाइन’ स्वीकृत, वातावरणीय मूल्यांकनसम्बन्धी परीक्षण सम्पन्न, जग्गा प्राप्तिको प्रक्रिया टुङ्गिएको, ‘साइट क्लियरेन्स’, मध्यकालीन खर्च संरचनामा समावेश तथा खरिद गुरुयोजना तथा कार्यान्वयन योजना स्वीकृत भएको आयोजनाको कार्यान्वयन आवश्यक र औचित्यपूर्ण देखिएमा स्रोतको उपलब्धताका आधारमा मात्र स्रोत सहमति दिने कानुनी व्यवस्था गरिएको जानकारी दिए ।

प्रधानमन्त्री ओलीले राष्ट्रिय गौरवका आयोजना तथा अन्य ठूला राष्ट्रिय परियोजनाका लागि स्रोतको अभाव हुन नदिन सम्बन्धित मन्त्रालयको लागि विनियोजित बजेटमध्ये कुनै कार्यक्रम सञ्चालन हुन नसक्ने वा कुनै शीर्षकमा विनियोजित बजेटमध्ये केही वा पूरै बचत हुने भएमा रकमान्तरमार्फत त्यस्ता महत्वपूर्ण आयोजनाका लागि बजेट व्यवस्थापन गर्न अर्थ मन्त्रालयले नीतिगत तथा प्रक्रियागत सहजीकरण गर्ने गरिएको जानकारी दिए ।

उनले बहुवर्षीय आयोजनाका लागि स्रोत सहमति दिँदा आयोजना सम्पन्न हुने अवधि किटान गर्ने गरिएको उल्लेख गर्दै ठूला राष्ट्रिय परियोजनाको नियमित अनुगमन गरी भौतिक तथा वित्तीय प्रगतिको आधारमा आवश्यक बजेट व्यवस्थापन गर्ने गरिएको बताए ।

विकासको ढाँचा, गति र संस्कृतिमा सुधार गर्न राष्ट्रिय योजना आयोग एवं सरोकार भएका अन्य मन्त्रालयसँग परामर्श गरी आयोजना तर्जुमाको खाका (प्रजेक्ट प्लानिङ टेम्प्लेट) स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको जानकारी दिए । यसबाट सीमित स्रोत साधनको कुशल प्रयोग गरी परियोजनाहरू समयमै प्रभावकारी रूपमा सम्पन्न हुनेमा प्रधानमन्त्री ओलीले विश्वास व्यक्त गरे ।

उनले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको ‘एक्सन रुम’बाट आफूले आयोजनाहरूको अनुगमन गरी तिनलाई समयमै सम्पन्न गर्न सहजीकरण गर्दै आएको बताए ।

## अन्तरनिकायसँग समन्वय गरेर काम गर्न ऊर्जामन्त्रीको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले अन्तरनिकायसँग समन्वय गरेर विकास निर्माणको कामलाई तीव्रता दिन कर्मचारीलाई निर्देशन दिएका छन् ।

ऊर्जा मन्त्रालय र त्यस मातहतका उच्च कर्मचारीको बैठकमा मन्त्री खड्काले अन्तरनिकायसँग समन्वय नहुँदा कतिपय काम हुन नसकेको भन्दै अन्तरनिकाय समन्वयलाई ध्यान दिन निर्देशन दिएका छन् ।

‘जति कामप्रति चासो राख्यो, पहलकदमी लियो, त्यति नै चाँडो काम हुने हो, मुलुक निर्माणका लागि दत्तचित्त भएर लाग्नुहोस्, आफू मातहतका कर्मचारी बिदामा बस्दा माथिल्लो तहलाई जानकारी हुनुपर्छ’, मन्त्री खड्काले भने । राज्यले ठूलो लगानी गरेर उत्पादन गरेका कर्मचारी बिदामा बस्दा वा काममा ढिलाइ गर्दा राज्यलाई ठूलो नोक्सानी हुने उनले बताए । मन्त्री खड्काले अन्तरनिकायबीच आपसमा समन्वय नहुँदा लापर्वाही हुने गरेको भन्दै त्यसतर्फ सचेत हुनुपर्ने बताए । ‘जति दिन रहने हो, त्यति दिन इमान्दार भएर काम गर्नुपर्छ’, उनले भने ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले सरकारले लिएको लक्ष्य पूरा गर्न कर्मचारीको ठूलो भूमिका रहेको बताए । उनले स्रोत सुनिश्चित भइसकेका आयोजनालाई द्रुतगतिमा सम्पन्न गर्न कर्मचारीलाई निर्देशन दिए । छलफलमा मन्त्रालयका ऊर्जा सचिव सुरेश आचार्यले सिंहदरबारभित्र चार्जिङ स्टेसन निर्माणका लागि नेपाल विद्युत् प्राधिकरणलाई समन्वय गर्न निर्देशन दिए । उनले बैठकमा भएका निर्णयलाई कार्यान्वयन गरेर अगाडि बढ्नुपर्ने उल्लेख गरे ।

मन्त्रालयका सिँचाइ सचिव सरिता दवाडीले मन्त्रालयले ६ महिना गरेको कार्यप्रगति सन्तोषजनक नभएको बताए । उनले खर्च हुन नसकेको बजेटलाई खर्च हुने ठाउँमा स्थानान्तरण गरेर काम गर्नुपर्ने बताए ।

जल तथा ऊर्जा आयोगको सचिवालयका सचिव मधुप्रसाद भेटुवालले अहिलेको अवस्थामा काममा खुसी हुनुपर्ने ठाउँ नभएको बताए । उनले एकापसमा समन्वय गरेर अगाडि बढ्दा काम देखिने उल्लेख गरे ।

छलफलमा विद्युत् विकास विभागका महानिर्देशक नवीनराज सिंह, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक कमलराम जोशी, जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक देवराज निरौला, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाललगायतले ६ महिनामा भएको भौतिक तथा वित्तीय प्रगतिको जानकारी गराएका थिए ।

## नेप्से परिसूचक १९ अंकले बढ्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** साताको पहिलो कारोबार दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको वृद्धि देखिएको छ । आइतबार नेप्से परिसूचक १९ दशमलव ५६ अंकले बढेर दुई हजार छ सय ९८ दशमलव ०३ को विन्दुमा कायम भएको हो । तीन सय नौ कम्पनीको दुई करोड नौ लाख ८४ हजार चार सय ४० कित्ता सेयर ९६ हजार दुई सय ८२ पटक खरिदबिक्री हुँदा रू नौ अर्ब ४७ करोड तीन लाख आठ हजार दुई सय ६६ बराबरको कारोबार भएको छ ।

कारोबारमा म्युचुअल फन्ड शून्य दशमलव ११ र निर्जीवन बिमा एक दशमलव २८ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । वित्त समूह सबैभन्दा धेरै चार दशमलव ९४ प्रतिशतले बढेको छ । बैंकिङ शून्य दशमलव ९८, विकास बैंक शून्य दशमलव ०८, होटल तथा पर्यटन एक दशमलव ९५ र जलविद्युत् शून्य दशमलव ३६ प्रतिशतले बढेको छ । त्यस्तै, लगानी एक दशमलव १७, जीवन बीमा शून्य दशमलव ३९, उत्पादन तथा प्रशोधन शून्य दशमलव २०, लघुवित्त एक दशमलव ८६, व्यापार शून्य दशमलव २५ र अन्य समूह शून्य दशमलव ३८ प्रतिशतले बढेको छ ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड, जानकी फाइनान्स कम्पनी लिमिटेड, नेपाल फाइनान्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने न्यादी हाईड्रोपावर लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रू ३३ करोड ५४ लाख ७५ हजार एक सय २९ बराबरको कारोबार भएको छ । कारोबार भएका सेयर सफ्याका आधारमा भने सबैभन्दा धेरै एनआईबिएल स्टेबल फन्डको सात लाख ११ हजार तीन यस ८४ कित्ता सेयर किनबेच भएको छ ।

## प्राधिकरणलाई लगातार तेस्रोपटक ‘डबल ए प्लस’ रेटिङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले यस वर्ष पनि ‘डबल ए प्लस’ रेटिङ पाएको छ। इक्रा नेपाल लि. ले प्राधिकरणको रेटिङ गरी ‘इक्रा एनपी डबल ए प्लस’ स्तरको रेटिङ प्रदान गरेको छ। योसँगै प्राधिकरणले लगातार तेस्रोपटक डबल ए प्लस रेटिङ पाएको छ।

प्राधिकरणको वित्तीय अवस्था, सम्पत्ति, व्यावसायिक तथा वित्तीय जोखिमहरूको विश्लेषण, व्यवस्थापकीय क्षमता, सञ्चालन प्रभावकारितामा प्रभाव पार्ने आन्तरिक तथा बाह्य वातावरणीय तत्वहरूलगायतको विश्लेषण गरी रेटिङ गरिएको हो । डबल ए प्लस रेटिङ प्राप्त गर्ने संस्थाको आफ्नो वित्तीय तथा आर्थिक दायित्व समयमै बहन गर्न सक्ने उच्च क्षमता सुरक्षित रहन्छ । डबल ए प्लस रेटिङ पाउने संस्थासँगको वित्तीय कारोबारमा ज्यादै न्यून ऋण भुक्तानी जोखिम हुन्छ ।

क्रेडिट रेटिङमार्फत् कुनै व्यक्ति वा संगठित संस्थाको साखको गुणस्तर सम्बन्धमा मूल्यांकन गर्ने तथा राय प्रकट गर्ने काम गरिन्छ। यसमा संस्थाको ऋण दायित्व भुक्तान गर्ने क्षमता सम्बन्धमा निहित जोखिमबारे सरल र बुझ्न सकिने सांकेतिक सूचकका रूपमा राय दिइन्छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले रेडिङमा विगत तीन वर्षदेखि निरन्तर डबल ए प्लस रेटिङ प्राप्त गर्न सफल भएको र यसबाट संस्थाको वित्तीय स्वास्थ्य राम्रो एवम् ऋण तिर्न सक्ने क्षमतामा सक्षमता देखिएको बताए । साथै, प्राधिकरण आफ्नो वित्तीय तथा आर्थिक दायित्व ढुक्कसँग बहन गर्न सक्ने क्षमतामा देखिएको घिसिङले उल्लेख गरे ।

घिसिङले भने, ‘सर्वसाधारणलाई सेयर निश्कासनका लागि महत्वपूर्ण मापदण्डको रूपमा रहेको संस्थाको रेटिङ सम्पन्न भइसकेको छ, संस्थाको वास्तविक सम्पत्ति मूल्यांकन गरिसकेका छौं, सरकारबाट स्वीकृति पाउनसाथ सेयर निश्कासनको प्रक्रिया अगाडि बढाउन सकिनेछ, सेयर निश्कासनबाट संकलन गरिएको रकमलाई ठूला विद्युत् जलविद्युत आयोजनाको निर्माणमा लगानी गर्ने योजना बनाएका छौं ।’

उनले विद्युत् उत्पादनतर्फका आयोजनाहरू निर्माण र विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय तथा सुरक्षित बनाउन प्रणाली सुधार तथा विस्तारका लागि आवश्यक ठूलो पूँजी संस्थाले कमाएको नाफा र सेयर निश्कासनबाट प्राप्त हुने रकमबाट पूरा गर्ने योजना रहेको उल्लेख गरे ।

प्राधिकरणको चुक्ता पूँजी करिब ३ खर्ब रूपैयाँ कायम गरी त्यसको बढीमा २० प्रतिशतले हुन आउने रकममा प्रिमियम थप गरी प्राथमिक सेयर सर्वसाधारणलाई निश्कासन प्रस्ताव गरिएको छ । प्रिमियमसहित प्रतिकित्ता मूल्य करिब ३ सय रूपैयाँ कायम गरी सेयर निश्कासनको प्रस्ताव गरिएको हो। प्राधिकरणको वार्षिक आम्दानी १ खर्व १६ अर्ब र सम्पत्ति ७ खर्ब रूपैयाँभन्दा बढीको छ ।

विद्युत् उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपदो र सर्वसुलभ गरी विद्युत् आपूर्तिको समुचित व्यवस्था गर्न सरकारको पूर्ण स्वामित्वमा प्राधिकरण स्थापना गरिएको हो । प्राधिकरणले देशभित्र विद्युत् उत्पादन, प्रसारण र वितरणका अतिरिक्त आन्तरिक तथा सीमापार विद्युत् व्यापार पनि गरिरहेको छ ।

सरकारले विद्युत् विकासका आफ्ना कार्यक्रमहरू कार्यान्वयन गर्न वार्षिक रूपमा बजेट विनियोजन, सेयरमा लगानी (नगद वा ब्याज-साँवा पूँजीकरण) र अन्य आवश्यक रकम सञ्चालनमार्फत् प्राधिकरणमा लगानी गर्दै आएको छ । प्राधिकरण सरकारको पूर्ण स्वामित्वमा रहेको, विद्युत प्रसारण, वितरण र मुलुकभित्र तथा बाहिरी मुलुकसँग विद्युत खरिद बिक्रीको एकाधिकार प्राप्त तथा सरकारको रणनीतिक संस्था हो ।

प्राधिकरणले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले निर्माण गर्ने जलविद्युत आयोजनाहरूसँग झण्डै ११ हजार मेगावाटको दीर्घकालीन विद्युत खरिद सम्झौता (पिपिए) गरेको छ । रेटिङको नतिजाले त्यस्ता आयोजनाको रकम भुक्तानी गर्न प्राधिकरणसँग उच्चस्तरको वित्तीय क्षमता रहेकाले लगानी जोखिम नरहेको देखाएको छ ।

प्राविधिक र गैरप्राविधिक विद्युत चुहावट घटाउन, अधिकतम ग्राहकसम्म पहुँच बढाउन, वित्तीय खर्च घटाउन, राजस्व बढाउन, प्रसारण तथा वितरण लाइन र सबस्टेसन विस्तार गर्न संस्थागत सुशासनमा सुधार गर्दै नाफा कमाउनमा प्राधिकरणलाई ठूलो सफलता हात परेको छ ।

आर्थिक वर्ष (आव) २०७२/७३ मा ८ अर्ब ८९ करोड रूपैयाँ खुद नोक्सानीमा रहेकोमा २०७३/७४ मा १ अर्ब ५० करोड रूपैयाँ खुद नाफा कमाउँदै प्राधिरणले नाफाको इतिहास सुरू गरेको थियो । प्राधिकरणले गत आव २०८०/८१मा १४ अर्ब ४६ करोड रूपैयाँ नाफा कमाएको थियो । आव २०७२/७३ मा ३४ अर्ब ६१ करोड रूपैयाँ सञ्चित घाटामा रहेको प्राधिकरण अहिले ४७ अर्ब ४१ करोड रूपैयाँ सञ्चित नाफामा पुगेको छ ।

प्राधिकरणले गत आवमा प्रणालीको विद्युत् चुहावट करिब १२ दशमलव ७३ प्रतिशतमा झारेको थियो । आव २०७२/७३मा प्रणालीबाट २५ दशमलव ७८ प्रतिशत विद्युत चुहावट भइरहेको थियो ।

## फिल्डमै खाद्यवस्तुको गुणस्तर परीक्षण गर्दै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले सहरमा बिक्री हुने खाद्य सेवाअन्तर्गतका खानेकुराको गुणस्तर परीक्षणका लागि मोबाइल भ्यानबाट फिल्डमा तत्काल नतिजा हेर्ने तयारी गरेको छ। नियमित अनुगमन गरेर सचेतनात्मक कार्यक्रम र क्षमता विकासका लागि क्षेत्रगत तालिम प्रदान गरिसकेपछि व्यवसायीहरूमा आएको परिवर्तनलाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँगको सहकार्यमा प्रयोगशाला परीक्षणबाट नतिजा हेर्ने तयारी भएको हो ।

यसका लागि महानगरपालिकाका उपप्रमुख प्रमुख सुनिता डंगोल, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका कार्यकारी निर्देशक सञ्जिवकुमार कर्णसहित अधिकारीहरू बिच मोबाइल भ्यान सञ्चालन र क्षमता विकासका विषयमा छलफल भएको छ ।

छलफलमा खाद्य स्वच्छताको गुणस्तर नियन्त्रणका लागि महानगरपालिकाले काम गर्ने, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले क्षमता विकास र प्राविधिक सहयोग उपलब्ध गराउने विषयले प्राथमिकता पाएको थियो । छलफलमा महानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नुरनिधि न्यौपाने, खाद्य स्वच्छता तथा गुणस्तर कार्यक्रमका विज्ञ सल्लाहकार जीवनप्रभा लामा, कार्यक्रमका सल्लाहकार सन्तोष गिरीसहित अधिकारीहरूले सहकार्य क्षेत्रका विषयमा धारणा राखेका थिए ।

सुपथ मूल्यमा गुणस्तरीय वस्तु प्राप्त गर्ने उपभोक्ताको अधिकार सुनिश्चित गर्न महानगरपालिकाको कृषि तथा पशुपन्छी विभागले नियमित बजार अनुगमन गरिरहेको छ। यससँगै स्वच्छ खाद्य सेवा प्रवर्धन तथा प्रमाणीकरणका लागि खाद्य स्वच्छता: प्रवर्धन शिविर (फुड सेफ्टी, बुट क्याम्प) अन्तर्गत क्षेत्रगत खाद्य सेवा सञ्चालन गर्ने सञ्चालक र व्यवसायीलाई क्षमता विकास तालिम प्रदान गरेको छ । क्षमता विकासको पहिलो संस्करणमा साना तथा मध्यम भोजनालय, दोस्रो संस्करणमा मासुजन्य खाद्यवस्तुका उत्पादक तथा विक्रेता, तेस्रो संस्करणमा मिठाइजन्य खाद्य सेवाका उत्पादक तथा विक्रेतालाई तालिम दिइएको थियो ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ